का.जि.प्र.का.द.नं. १००/०५९/६०
६ जेठ २०८२,
मंगलबार
20 May, 2025
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक
ईपेपर हेर्न

वर्ष २३, अंक १०७ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

गभर्नर नियुक्ति

# गठबन्धनमा खटपट !

छबि सापकोटा/मध्यान्ह
काठमाडौं, ५ जेठ ।

गत २५ चैतदेखि नेपाल राष्ट्र बैंकको कायम मुकायम गभर्नरको जिम्मेवारी वरिष्ठ डेपुटी गभर्नर निलम ढुंगाना तिम्सिनाले सम्हालिरहेकी छन् । उनलाई केही दिनका लागि जिम्मेवारी दिइएको भए पनि ४३ दिनसम्म पनि राष्ट्र बैंकका १८औं गभर्नर को बन्ने भन्ने निश्चित छैन ।

नेपाल राष्ट्र बैंक ऐनको दफा २५ मा गभर्नरको पद रिक्त हुनुभन्दा १ महिना अगावै गभर्नर छनोट प्रक्रिया अगाडि बढाउनुपर्ने हो तर ऐनलाई लत्याउँदै सत्ता गठबन्धन दलहरूले गभर्नर पदमाथि बारबार राजनीति गरिरहेका छन् ।

सोमबार प्रतिनिधिसभा सदस्य अशोककुमार चौधरीले गभर्नर समयमै नियुक्त नगरेर नेपाल राष्ट्र बैंक ऐन, २०५८ को उल्लंघन गरेको बताए । उनले भने, ' बहालवाला गभर्नरको कार्यकाल समाप्त हुनु १ महिना अगाडि नै नयाँ गभर्नर नियुक्त गर्नुपर्ने व्यवस्था छ तर सरकारले यो ऐनको पालना नगरेर कानुनी शासनको धज्जी उडाएको छ ।'

प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाबीच सहमति भएको भन्ने चर्चा चले पनि अहिलेसम्म गभर्नर छनोटमा २ दलको द्वन्द्व सतहमै देखिएको छ । सोमबार गभर्नर छनोट नियमित बस्ने मन्त्रिपरिषद् बैठकले गर्ने भन्ने चर्चा भए पनि बैठक नै बस्न सकेन ।

कांग्रेसले पछिल्लो समय अघि सारेका डा. विश्व पौडेललाई समेत प्रधानमन्त्री केपी शर्मा ओलीको 'ग्रिन सिग्नल' नभएपछि गभर्नर छनोट थप अन्योल बनेको देखिन्छ ।

गत शुक्रबार कांग्रेस सभापति देउवाले बूढानीलकण्ठमा बसेको पार्टीको पदाधिकारी र पूर्वपदाधिकारीको बैठकमा राष्ट्र बैंकमा गभर्नर नियुक्ति छिट्टै हुने पृष्ठ २ मा

समितिले १ जना डेपुटी गभर्नरसहित ३ जनाको नाम सिफारिस गर्नुपर्ने भएपछि उनीहरूसमेत निरीह देखिएका छन् । सिफारिस समितिले दलका शीर्ष नेताकै निर्देशन कुरिरहेको देखिन्छ




# एमाले नेताहरू लिएर चीन जाँदै पूर्वराष्ट्रपति

जानकी पाठक/मध्यान्ह
काठमाडौं, ५ जेठ ।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी १ साता लामो चीन भ्रमणमा जाने भएकी छन् । चिनियाँ कम्युनिस्ट पार्टी र चीन सरकारको निमन्त्रणामा पूर्वराष्ट्रपति भण्डारी १० जेठमा चीन भ्रमणमा जान लागेकी हुन् ।

भ्रमणमा एमालेका नेताहरू पनि सहभागी हुने र उच्च राजनीतिक भेटघाट हुने कार्यक्रम तय भएको छ । उद्योगमन्त्री दामोदर भण्डारी, पूर्वमन्त्री तथा एमालेका नेता कर्ण थापालगायतको टोली भ्रमणमा जाने छन् ।

भण्डारीको चीन भ्रमण गत वर्ष जेठमै तय भएको थियो तर अन्तिम समयमा स्थगित भएको थियो ।

त्यसबेला तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको शपथ ग्रहणमा जाने भएपछि भ्रमण रोकिएको थियो ।

त्यसबेला दाहालले आफू भारत जान लागेका बेला पूर्वराष्ट्रपति चीन जाँदा गलत सन्देश जाने सुझाएका थिए । त्यसबेला रोकिएकी भण्डारी यस पटक चीन यात्रामा निस्किन लागेकी हुन् । पृष्ठ २ मा



## उपाध्यक्ष घिमिरे चीन प्रस्थान

राष्ट्रियसभा उपाध्यक्ष बिमला घिमिरे ६ दिने औपचारिक भ्रमणका लागि सोमबार चीनको सान्सी प्रान्तको सियान शहर गएकी छन् । उपाध्यक्ष घिमिरे ८ सदस्यीय संसदीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै चीन प्रस्थान गरेकी हुन् । चीनको सान्सी प्रान्तको सियान शहरमा ५ देखि १० जेठसम्म हुने 'सांघाई सहयोग संगठन गरिबी न्यूनीकरण र दिगो विकास मञ्च' र ' नवौं सिल्क रोड अन्तर्राष्ट्रिय प्रदर्शनी तथा पूर्व र पश्चिम चीनबीच सहयोगका लागि लगानी र व्यापार मञ्च'मा सहभागी हुने कार्यक्रम छ । दुवै कार्यक्रममा उपाध्यक्ष घिमिरेले सम्बोधन गर्ने छन् । उनीसँगै प्रतिनिधिसभा सदस्य दिनेशकुमार यादव र उर्मिला माझी, राष्ट्रियसभा सदस्य बेदुराम भुसाल र सुमित्रा बीसी, संसद् सचिवालयका उपसचिव पुष्पप्रकाश मल्ल, शाखा अधिकृत नवीन भट्टराई र उपाध्यक्षका स्वकीय सचिव प्रेमबहादुर सिंह प्रतिनिधिमण्डलमा छन् ।

# मालिक नभेटिने सुन तस्करी

## राजा महेन्द्रकै पालामा खुलाइएको थियो तेस्रो मुलुकमा सुन व्यापारको धन्दा

२०७२ सालको भूकम्पअघि चीनबाट सुन तस्करीको मुख्य नाका तातोपानी बन्द भएपछि त्यसको विकल्पमा १ मंसिर २०७२ मा रसुवागढी खुलेको थियो । त्यसयता तस्करीको रुट पनि सोही नाकातर्फ 'डाइभर्ट' भएको हो



जीवन शर्मा/मध्यान्ह
काठमाडौं, ५ जेठ ।

नेपालमा भएका अधिकांश सुन तस्करीसम्बन्धी प्रकरणमा भरिया भेटिने र मालिक लुक्ने परम्पराले निरन्तरता पाउँदै आएको छ । आइतबार प्रहरीले बरामद गरेको ७ किलो ६५३ ग्राम सुन र सुन बोक्ने भरिया पक्राउ पर्दा सुन तस्करीका वास्तविक मालिक नभेटिनु त्यसैको निरन्तरता हो ।

तस्करहरूले दुबई, थाइल्यान्ड, मलेसिया, कतार, हङकङ, चीनलगायतका मुलुकबाट नेपाललाई ट्रान्जित बनाएर भारतमा सुन तस्करी गर्दै आएका छन् । पछिल्ला केही वर्षयता क्वीन्टलका क्वीन्टल सुन भेट्टाए पनि मुख्य मालिक भेटिने गरेका छैनन् ।

आइतबार चीनको केरुङबाट स्याउको कन्टेनरमा रसुवागढी नाका हुँदै काठमाडौं भित्र्याउन लागेको अवैध सुन रसुवा भन्सारमै पक्राउ गरेको थियो । कन्टेनर चालकले आफू बस्ने सिट नजिकै 'फल्स बटम' बनाएर ल्याएको उक्त सुनका ७ वटा बिस्कुट आकारका र केही साना टुक्रासहित चालक किशोर पृष्ठ २ मा

## सुन तस्करीको इतिहास

तत्कालीन राजा महेन्द्रले मनाङका बासिन्दालाई व्यापारिक काममा अगाडि बढाएपछि तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले उनीहरूलाई तेस्रो मुलुकबाट सुन नेपाल ल्याई भारत पुर्‍याउने काममा संलग्न गराएका थिए । त्यसयता सुरु भएको सुन तस्करीले पछिल्लो समय व्यापकता पाएको छ ।

२३ फागुन २०४२ मा तत्कालीन राष्ट्रिय पञ्चायत सदस्य चन्द्रबहादुर बुढा ३ किलो सुनसहित समातिएका थिए । २०४४ सालमा तत्कालीन अधिराजकुमार धीरेन्द्र वीरविक्रम शाहका अंगरक्षक कर्णेल भरत गुरुङ र अवकाशप्राप्त प्रहरी महानिरीक्षक डीबी लामा सुन तस्करीको अभियोगमा समातिएका थिए ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि तस्करीको लाइनको प्रचलन पनि सुरु भयो । खासगरी पृष्ठ २ मा

# घरभित्रको त्रासदी

## कोशी प्रदेशमा ७१ प्रतिशत महिला घरेलु हिंसाको सिकार

जुनु भट्टराई/मध्यान्ह
विराटनगर, ५ जेठ ।

सामान्यतया सुरक्षित मानिने घर कोशी प्रदेशका धेरै महिलाहरूका लागि हिंसा, पीडा र त्रासको केन्द्र बन्न पुगेको छ । महिला पुनर्स्थापना केन्द्र (ओरेक)ले हालै सार्वजनिक गरेको प्रतिवेदनअनुसार मोरङ, सुनसरी र उदयपुर जिल्लामा माघदेखि चैत महिनासम्म ८४ वटा महिला हिंसाका घटनाहरू अभिलेख गरिएका छन् । तीमध्ये ७१ प्रतिशत घटना घरेलु हिंसाका छन् ।

ओरेकको प्रतिवेदन अनुसार अधिकांश घटनामा महिलाहरू आफ्नै श्रीमान् वा घरका सदस्यबाट मानसिक, शारीरिक, आर्थिक र यौनिक हिंसाको शिकार भएका छन् । ८४ घटनामध्ये ६० घटना घरेलु हिंसाका हुन्, जसमध्ये ५४ वटा घटनामा श्रीमान्‌बाट भएको हिंसा अभिलेख गरिएको छ । १३ वटा हिंसा घरका अन्य सदस्यबाट भएको पाइएको छ भने अन्य घटनाहरू छिमेकी, प्रेमी, चिनिने वा अपरिचित व्यक्तिहरूसँग सम्बन्धित छन् ।

जबर्जस्ती करणी, यौन दुर्व्यवहार र बाल यौन हिंसा जस्ता १६ घटना प्रतिवेदनमा छुट्टै समेटिएका छन् । त्यस्तै, सामाजिक बहिष्कार, साइबर पृष्ठ २ मा



महिला क्रिकेटमा फड्को

समाचार पृष्ठ ९ मा

वैदेशिक रोजगार विशेष

# बंगलादेशमा मलेसिया सिन्डिकेट पक्षधर र विरोधीबीच झडप

मध्यान्ह संवाददाता
काठमाडौं, ५ जेठ ।

बंगलादेशमा मलेसियाको रोजगारीमा कामदार भर्ना प्रक्रियामा सिन्डिकेट पक्षधर र विरोधीबीच झडप भएको छ । बंगलादेश एसोसिएसन अफ इन्टरनेशनल रिक्रुटिङ एजेन्सीज (बैरा)को एक समूहले मलेसियाली श्रम बजारमा सिन्डिकेटको विरोधमा पूर्वनिर्धारित पत्रकार सम्मेलनको क्रममा आफूमाथि सोमबार बिहान आक्रमण भएको बताएको छ । त्यसक्रममा १० जनाभन्दा बढी घाइते भएका छन् ।

बैराका पूर्वउपाध्यक्ष रियाज-उल-इस्लामको नेतृत्वमा रहेको सिन्डिकेट विरोधी समूहले सोमबार बिहान



ढाका रिपोर्टर्स युनिटी (डीआरयू)को हलमा पत्रकार सम्मेलनको तयारी गरेको थियो । उनीहरूले सिन्डिकेट समर्थक समूह पहिले नै त्यहाँ पुगेर आफूहरूमाथि आक्रमण गरेको दाबी गरेका छन् ।

आक्रमणमा परेर बैराका पूर्वसहमहासचिव फखरुल इस्लाम, बैरा सदस्य मुस्तफा महमूद र नजरुल इस्लाम मोनिर घाइते भएका छन् । आक्रमण 'सिन्डिकेट समर्थक' बैरा सदस्य र अल अकाबा एसोसिएटका प्रबन्ध साझेदार अतिकुर रहमानले केही बाहिरी व्यक्तिहरूसँग मिलेर गरेको सिन्डिकेट विरोधीहरूले बताएका छन् । पृष्ठ २ मा

## नक्कली श्रम स्वीकृतिले नयाँदिल्लीस्थित नेपाली राजदूतावास सतर्क

**काठमाडौं/मस–** भारतको नयाँदिल्लीस्थित नेपाली राजदूतावासले भारतीय विमानस्थल हुँदै मध्यपूर्वका देशहरूको भ्रमणमा जान नक्कली श्रम स्वीकृति देखाउने प्रवृत्ति देखिएको भन्दै राजदूतावासको नो अब्जेक्सज लेटर अनिवार्य गरेको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुनर्निर्माण सुरुवात भएपछि नेपालले गत वर्ष कात्तिक २६ गतेदेखि श्रम स्वीकृति भएका नेपाली नागरिकहरूलाई भारतको विमानस्थल हुँदै श्रम गन्तव्य मुलुक जानका लागि नो अब्जेक्सन सर्टिफिकेट (एनओसी) नचाहिने व्यवस्था लागू गरेको थियो ।

दिल्लीस्थित नेपाली राजदूतावासले साउदी अरब, कतार, कुवेत, संयुक्त अरब इमिरेट्स (यूएई), ओमान, बहराइन, इराक, लिबिया र लेबनान जाँदा दूतावासबाट एनओसी लिनुपर्ने, तर वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएकाहरूलाई भने एनओसी आवश्यक नपर्ने बताएको थियो । पृष्ठ २ मा

**गठबन्धनमा...**

बताएका थिए। तर, गभर्नर नियुक्तिमा भएको ढिलाइले सत्ता गठबन्धनमै खटपट आउने चर्चा सुरु भएको छ । यसैबीच सोमबार प्रधानमन्त्री ओली र कांग्रेस सभापति देउवाले भेटसमेत गर्न चाहेनन्। यसले सत्तामा खटपटको संकेत गरेको विज्ञहरू बताउँछन् ।

सरकारले २६ फागुनमा गभर्नर छनोट गर्नका लागि अर्थमन्त्री विष्णुप्रसाद पौडेलको संयोजकत्वमा अर्थशास्त्री डा. विश्व पौडेल र पूर्वगभर्नर विजयनाथ भट्टराईसहितको समिति बनाएको थियो । तर, अहिले समितिमा दुवै सदस्य छैनन्। भट्टराईले राजीनामा दिएका छन् भने पौडेल अहिले आफैं गभर्नर बन्ने दाउमा छन् र उनले पनि राजीनामा दिएका छन्।

नयाँ सदस्यमा डा. पोषराज पाण्डे र निवर्तमान गभर्नर महाप्रसाद अधिकारीलाई ल्याइएको छ । तर, नयाँ सदस्यको समेत गभर्नर छनोटमा भूमिका देखिँदैन । समितिले १ जना डेपुटी गभर्नरसहित ३ जनाको नाम सिफारिस गर्नुपर्ने भएपछि उनीहरूसमेत निरीह देखिएका छन्। सिफारिस समितिले दलका शीर्ष नेताकै निर्देशन कुरिरहेको देखिन्छ । समितिको बैठक १ पटकसमेत बस्न सकेको छैन ।

गभर्नर नियुक्ति गर्ने विषयमा सुरुदेखि नै विभिन्न लफडा निकालिएको छ । सुरुमा अर्थ मन्त्रालयले गभर्नर नियुक्तिको मापदण्डसमेत संशोधन गरेर ३० वर्ष पूरा भई ६५ वर्ष ननाघेको र कार्यकारी प्रमुखबाहेकको पदाधिकारीको हकमा ३५ वर्ष उमेर पूरा भई ६५ वर्ष ननाघेको हुनुपर्ने व्यवस्था हटाएको थियो । गभर्नर बनाउने आश्वासन भएपछि धमाधम राजीनामा लिएर मैदानमा आएका सबै जना 'रिङ आउट' नै भएका छन् ।

अझै पनि एमालेले भने डेपुटी गभर्नर ढुंगानालाई नै गभर्नर बनाउने कसरत गरिरहेको कांग्रेस नेताहरू बताउँछन्। गभर्नर छनोटमा देखिएको राजनीतिको नांगो हस्तक्षेपले राष्ट्र बैंककै गरिमा घटाइरहेको जानकार हरूको चिन्ता छ ।

वित्तीय क्षेत्रको नियामक निकायको पदाधिकारी नियुक्तिमा देखिएको चलखेल र व्यक्तिको निजी स्वार्थले गभर्नर नियुक्ति प्रक्रियामा नै अन्योल छाएको छ। नेपाल ग्रे लिस्टमा छ। आन्तरिक अर्थतन्त्र मन्दीमै भएका बेलामा दलहरूले गभर्नर छनोटमा देखाएको उदासीनता अन्तराष्ट्रिय क्षेत्रमा समेत लज्जाको विषय बन्ने अर्थविज्ञहरूले बताउँदै आएका छन्।

**एमाले...**

चीन भ्रमणमा रहँदा पूर्वराष्ट्रपति भण्डारीले उच्च राजनीतिक भेटघाटसमेत गर्ने कार्यक्रम तय भएको छ तर को-कोसँग भेटवार्ता हुने भन्ने अहिलेसम्म खुलाइएको छैन।

भण्डारीको सचिवालयका अनुसार भ्रमण तालिका तयार भइरहेको छ। पूर्वराष्ट्रपति भण्डारीले बेइजिङमा उच्चस्तरीय राजनीतिक भेटवार्तासँगै मानसरोवरसम्म भ्रमण गर्ने कार्यतालिका छ। यद्यपि, चिनियाँ राष्ट्रपति सी चिनफिङसँगको भेटवार्ता भने तय भएको छैन ।

स्रोतका अनुसार भण्डारीले सकेसम्म माथिल्लो तहकै चिनियाँ नेताहरूसँग भेट गर्ने तयारी छ । भण्डारीले राष्ट्रपति सी चिनफिङ, प्रधानमन्त्री ली किआङ, उपराष्ट्रपति हान जिङ र चिनियाँ कम्युनिस्ट पार्टीका उच्च नेताहरूलाई समेत भेट्ने प्रयासमा छन् ।

गत वर्ष असारमा तय भएको पूर्वराष्ट्रपति भण्डारीको चीन भ्रमण अन्तिम समयमा स्थगित भएको थियो ।

नेपाली राजनीतिक तरलताका बीच भण्डारीको चीन भ्रमणलाई अर्थपूर्ण रूपमा हेरिएको छ ।

नेपालका कम्युनिस्टहरूबीच एकता हुनुपर्ने आवाज उठिरहेका बेला पूर्वराष्ट्रपति भण्डारी चीन भ्रमणमा जान लागेकी हुन् ।

कम्युनिस्ट एकताको पक्षमा रहेकी भण्डारी एमालेको सक्रिय राजनीतिमा आउनसमेत प्रयासरत छन् ।

चीन नेपालमा कम्युनिस्ट एकताको पक्षमा छ । २ पटक राष्ट्रपतिको जिम्मेवारी सम्हालेकी भण्डारी एमालेको सक्रिय राजनीतिमा फर्किने तयारीमा छन् । भण्डारी आगामी महाधिवेशनबाट एमालेको नेतृत्वमा आए अलग भएका कम्युनिस्ट पार्टीहरू जोड्ने माध्यम बन्ने राजनीतिक वृत्तमा चर्चा छ ।

उनले राष्ट्रपतिबाट बिदा भएपछि पछिल्लो समय गण्डकी, कोशी र लुम्बिनी प्रदेशमा पुगेर एमालेका सयौं नेता-कार्यकर्तालाई भेटघाट गरेकी छन्। त्यहाँ उनले आफू सक्रिय हुने आशय व्यक्त गरेकी थिइन् ।

भण्डारीले सार्वजनिक कार्यक्रम र अन्तर्वार्ताहरूमा समेत आफू राजनीतिमा फर्किने संकेत गरिसकेकी छन्। पूर्वउपराष्ट्रपति नन्दबहादुर पुन नेकपा (माओवादी केन्द्र)मा उपाध्यक्ष बन्दै राजनीतिमा फर्किसकेका छन् ।

पुनले राजनीतिमा फर्किने बाटो खोलेसँगै भण्डारीले नेपालमा राजनीतिक संवादलाई बाक्लो बनाइरहेका बेला चीन यात्रा गर्न लागेकी हुन् ।

**मालिक...**

यसरी अवैध रूपमा सुनको चोरी पैठारी गर्ने तस्कर र लगानीकर्ताले चालक वा भरियालाई पहिचान नखुलाउन पहिल्यै ग्यारेन्टी गर्ने गरेका समेत पाइएको नेपाल प्रहरीका अधिकारीहरू बताउँछन् । चालक वा भरिया जेल गएको खण्डमा उनीहरूको सबै कानुनी प्रक्रिया र परिवारका लागि आवश्यक खर्चसमेत ग्यारेन्टी गर्ने गरेकाले पक्राउ परेका भरियाले हमेसा मूल मालिकको पहिचान नदिने गरेको एक अधिकारीले बताए ।

त्यसैले, सुनको मालिक पत्ता नलाग्ने तर भरियाले जेल बस्नुपर्ने समस्या रहेको उनको भनाइ छ । पहिला-पहिला तातोपानी नाकाबाट तिब्बततर्फ आउजाउ गर्ने बाटो बन्द भएसँगै रसुवा नाकालाई तस्कर हरूले सुन तथा सुनजन्य धातु चोरी पैठारीको हब बनाउँदै आएका छन् । गाडीमा अवैध रूपमा बोकिएका सुन समातिने र तिनका चालक पक्रिने तर अवैध रूपमा सुनको कारोबार गर्नेहरू सार्वजनिक नगरिने क्रम अन्त्य गर्न सांसदले सरकारको ध्यानाकर्षण गराएका छन्। संसद् बैठकको शून्य समयमा बोल्दै राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले पटक-पटक समातिएको सुनमा चालक मात्र समातिएको, त्यसका साहु को हो ? भन्ने अहिलेसम्म सार्वजनिक नभएकाले सदनलाई जानकारी गराउन माग गरेका छन् ।

'अवैध रूपमा ओसारपसार भइरहेको सुन पटक-पटक समातिने तर उक्त प्रकरणमा चालक पक्राउ परे पनि मालिक पक्राउ नपर्ने परम्पराले निरन्तरता पाएको छ', उनले भने, 'के कारणले यस्तो हुन्छ, सदनलाई जानकारी गराउन अनुरोध गर्दछु ।'

प्रहरीले विशेष सुराकीका आधारमा बा४ख ६२०१ नम्बरको कन्टेनरलाई मितेरी पुल पार गरेलगत्तै नियन्त्रणमा लिएको थियो । नाकामा सशस्त्र र नेपाल प्रहरी तथा भन्सार कर्मचारीले कन्टेनरको जाँचमा कडाइ गर्दै आएका छन् ।

केरुङ हुँदै रसुवागढी नाकाबाट अन्य सामानको कन्टेनरमा यसरी सुन ल्याएको यो पहिलो घटना भने होइन, पटक-पटक पक्राउ परेका अवैध सुन तथा पैसा बोकेका अधिकांश भरियाले कन्टेनरमा भएका त्यस्ता अवैध सामानका विषयमा जानकारी नभएको बयान दिँदै आएका छन् ।

गत ५ चैतमा काठमाडौंको टोखाबाट चीनतर्फ लैजाँदा बरामद २५ करोड १९ लाख २४ हजार ९५० रुपैयाँ बराबरको डलर र युरो ल्याउने भरियाले पनि प्रारम्भिक बयानमा उक्त रकमको मालिक को हो र कसरी यस्तो भयो भन्ने थाहा नभएको बताएका थिए ।

उक्त रकम सुन खरिदका लागि नै पठाइएको अनुसन्धान अधिकृतहरूले बताएका थिए। सो रकमका मालिक ७ किलो अवैध सुन तस्करीको आरोपमा २०७८ पुसमा नख्खु कारागारबाट कैदमुक्त भएका कुसाङ लामा भने पक्राउ परेर थुनामा छन् । यद्यपि, अधिकांश सुन तस्करीका मुख्य मालिकहरूलाई प्रहरीले फेला पार्न नसकेको इतिहास छ ।

२०७२ सालको भूकम्पअघि चीनबाट सुन तस्करीको मुख्य नाका तातोपानी बन्द भएपछि त्यसको विकल्पमा १ मंसिर २०७२ मा रसुवागढी खुलेको थियो । त्यसयता तस्करीको रुट पनि सोही नाकातर्फ 'डाइभर्ट' भएको हो । यो नाकाबाट अहिलेसम्म सयौं किलो सुन भित्रिसकेको छ । भुजेललाई पक्राउ गरी सोमबार सुनसहित भन्सारमा बुझाएको प्रहरीले जनाएको छ ।

भुजेलले प्रारम्भिक बयानमा आफूलाई कन्टेनरमा सुन राखिएको र कसको हो भन्ने थाहा नभएको बयान दिएका छन्। तर, चालकलाई थाहै नभई 'फल्स बटम' बनाएर सुन ल्याउने सम्भावना नभएको प्रहरी अधिकारीहरू बताउँछन् ।

**सुन...**

२०५१ सालको मध्यावधि निर्वाचनमा कुनै दलले बहुमत ल्याउन नसकेपछि चरम राजनीतिक अस्थिरता सुरु भयो । यससँगै सुन तस्करीको ग्राफसमेत बढ्दै गएको इतिहास छ। त्यतिबेलाको मुख्य नाका त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सुन तस्करीले व्यापकता पाएको थियो ।

नेकपा एमालेका तत्कालीन अध्यक्ष मनमोहन अधिकारी नेतृत्वको सरकार ढलेपछि बनेको शेरबहादुर देउवा नेतृत्वको सरकारका गृहमन्त्री खुमबहादुर खड्काका पालामा सुरु भएको सुन तस्करी बिस्तारै खुल्लम खुल्ला रूपमा अघि बढेको जानकारहरू बताउँछन् ।

खड्कापछि लोकेन्द्रबहादुर चन्द नेतृत्वको सरकारका गृहमन्त्री बनेका एमाले नेता वामदेव गौतमले फरक लाइनबाट तस्करीको 'सेटिङ' मिलाएका थिए । त्यही समयदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ल्याउने सुन नै सरकार भत्काउने र नयाँ सरकार गठन गर्ने मुख्य आर्थिक स्रोत बनेको सुरक्षा निकायका तत्कालीन अधिकारीहरूको दाबी छ।

चन्द सरकार पनि ढलेपछि सूर्यबहादुर थापा प्रधानमन्त्री बने । उक्त सरकार गठन गर्ने आर्थिक स्रोत नै सुन तस्करीमा संलग्न गिरोहले जुटाएको आरोप लागेको थियो ।

२३ वैशाख २०५५ मा सांसद परी थापाको संयोजकत्वमा राजस्व चुहावट नियन्त्रण संयुक्त संसदीय समिति गठन भयो। २८ पुस २०५५ मा उक्त समितिले प्रतिवेदन बुझायो।

प्रतिवेदनमा अनिल जटिया, प्रकाश बेगानी, शंकर गोल्यान, आईएल प्रधान, टेकबहादुर गुरुङ, जमिम शाह, ताहिर शाह, दीपक मलहोत्रा, प्रकाश टिवडेवाला, विष्णु जोशी, धोजेन्द्र गौचन, विष्णु गौचन, छविलाल भुसाल, अशोक सुरेखा, हरि न्यौपाने र दीपक स्वाँरको नाम किटानीसाथ उल्लेख छ । तर, ती कुनैमाथि कानुनी कारबाही भएन ।

२९ मंसिर २०५४ मा १ क्वीन्टल (सय किलो) सुन बरामद भएको पहिलो घटना थियो । सुनसहित कोरियाली नागरिकद्वय जो कुन ह्वा र युन सोङ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट समातिएका थिए । पञ्चायतकालमा नेपालमा सुन ओसार्ने नाका हङकङ मात्र थियो । २०५० सालपछि दुबई, थाइल्यान्ड, मलेसिया, कतार र चीन पनि तस्करीको रुटमा जोडिएका हुन्। पछिल्लो समय इलेक्ट्रोनिक चुरोट (भेप) र अन्य सामानका कन्टेनरदेखि मानव शरीरका विभिन्न भागमा समेत लुकाएर सुन तस्करी हुने गरेको छ ।

## रौतहटमा महादेव मन्दिरको शिलान्यास



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ५ जेठ

रौतहटको ईशनाथ नगरपालिका वडा नं ३ मा महादेव मन्दिरको निर्माण कार्य सुरू भएको छ । ऐतिहासिक तथा धार्मिक महत्व बोकेको औरैया महादेव मन्दिर गेट अगाडि मधेश प्रदेश सरकारअन्तर्गतको पर्यटन मन्त्रालयको ५० लाखको लागतमा उक्त मन्दिर बन्न लागेको हो ।

जनमत पार्टीका रौतहट क्षेत्र नं.२ (क) को प्रदेश सभा सदस्य उम्मेदवार मोहम्मद आलम उर्फ बाबू साहेबले मन्दिरको शिलान्यास गरेका हुन् ।

आलमले विकास गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताए। उनले मधेशको सांस्कृतिक र धार्मिक सम्पदाको संरक्षण र प्रवर्द्धनमार्फत स्थानीय रोजगारी र आर्थिक समृद्धिमा टेवा पुग्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा नगरप्रमुख कौशल्या देवी सिन्हाले स्थानीय जनताको लामो समयदेखिको माग पूरा हुन लागेको बताउँदै आगामी दिनमा अझै धेरै विकास योजनाहरू भित्र्याउने प्रतिबद्धता व्यक्त गरिन् । स्थानीय बासिन्दाहरूले पनि महादेव मन्दिरमा सरकारले चासो देखाएकोमा खुशी व्यक्त गर्दै योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्न आग्रह गरेका थिए ।

**घरभित्रको .....**

धम्की र अपमान जस्ता ८ वटा घटना पनि उल्लेख गरिएका छन् ।

'हामीले सुरक्षित ठानेको घरभित्रै महिलाहरूलाई असुरक्षित महसुस हुने अवस्था देखिएको छ', ओरेककी कोशी प्रदेश संयोजक शोभा बजगाईं भन्छिन्, 'हिंसा कुनै जात, वर्ग वा समुदायको मात्र विषय होइन, यो सोच र संरचनासँग गाँसिएको गहिरो समस्या हो ।' बजगाईंका अनुसार महिलाहरूले हिंसा सहेर चुप लाग्ने संस्कार अझै बलियो छ । कानुनी सहारा लिन खोज्दा उनीहरूलाई परिवार र समाजबाट बहिष्कार, धम्की वा दबाब खेप्नुपरेका धेरै उदाहरणहरू प्रतिवेदनमा समेटिएका छन् ।

प्रतिवेदनअनुसार सबैभन्दा धेरै हिंसामा पर्ने उमेर समूह २६-३५ वर्षका महिला हुन् । किशोरीहरू (१८ वर्ष मुनिका) २० प्रतिशत छन् भने १९-२५ र ३६-४५ उमेर समूहका महिलाहरू १८-१८ प्रतिशत छन् ।

जातीय विश्लेषण गर्दा ४३ प्रतिशत पीडित तराई जनजाति समुदायका छन्। पहाडी ब्राह्मण/क्षेत्री ३२ दशमलव ८ प्रतिशत, पहाडी जनजाति २० दशमलव ३ प्रतिशत, मधेशी १५ दशमलव ६ प्रतिशत, दलित ७ दशमलव ८ प्रतिशत र मुस्लिम समुदायका ३ दशमलव १ प्रतिशत महिलाहरू हिंसाको शिकार भएका छन् । पेसागत हिसाबले हेर्दा, गृहिणी (३१ प्रतिशत) र कृषि तथा पशुपालनमा संलग्न (१९ प्रतिशत) महिलाहरू बढी प्रभावित छन् । त्यस्तै, विद्यार्थी २० प्रतिशत, मजदुर १२ प्रतिशत, व्यवसायी ६ प्रतिशत, सरकारी तथा निजी सेवामा काम गर्नेहरू, जागिर खोजिरहेकाहरू पनि पीडितको सूचीमा परेका छन् ।

ओरेकको प्रतिवेदनले हिंसाका यस्ता घटना नीतिगत तहबाट मात्र होइन, व्यावहारिक र संरचनागत तहबाट पनि सम्बोधन गर्नु आवश्यक रहेको औंल्याएको छ । 'कानुन छ तर व्यवहारमा लागू हुन सकेको छैन', संयोजक बजगाईं भन्छिन्, 'जबसम्म घरभित्रका अपराधलाई सामान्य ठानिन्छ, तबसम्म महिलाको सुरक्षाबारे कुरा गर्न सकिन्नँ ।'

**बंगलादेशमा...**

भर्ना एजेन्सीको सिन्डिकेट हटाउन प्रवासी कल्याण सल्लाहकार आसिफ नजरुलले मलेसियाली सरकारलाई गरेको हालैको प्रस्तावलाई समर्थन गर्न पत्रकार सम्मेलन बोलाइएको थियो । यसको उद्देश्य दुई देशबीचको आगामी संयुक्त कार्य समूहको बैठकमा यस विषयमा अन्तिम निर्णय लिन जोड दिनु पनि थियो । सिन्डिकेट विरोधी नेता फखरुल इस्लामले आक्रमण पूर्वनियोजित रहेको र पूर्वबैरा सचिव र सिन्डिकेट मास्टरमाइन्ड रुहुल अमिन, अली हैदर चौधरी र काजी मोफिजको निर्देशनमा भएको दाबी गरेका छन् ।

सिन्डिकेट समर्थकहरूले पनि पत्रकार सम्मेलन गरेका छन्। पत्रकार सम्मेलनको नेतृत्व बैरा सदस्य अतिकुर रहमान र मेसबाह उद्दिन सईदले गरेका छन्। उक्त समूहलाई बंगलादेश नेशनल पार्टी बीएनपी र जमात नामको अर्को दलले समर्थन गरेको बताइएको छ ।

बंगलादेशका लागि मलेसियाली श्रम बजार गत वर्ष जुनदेखि बन्द छ । त्यसलाई पुनः खोल्न वार्ता भइरहेको छ । मलेसिया र बंगलादेशबीचको सन् २०२१ को सम्झौताअन्तर्गत मलेसियाले केवल १०० एजेन्सीहरूलाई अनुमति दिएको छ। बंगलादेशमा हाल दर्ता भएका सबै म्यानपावर कम्पनीहरूलाई कामदार पठाउन समान अवसर पाउनुपर्ने आवाज चर्केको छ ।

सीमित संख्यामा एजेन्सीहरूलाई मलेसियामा सिन्डिकेट भनेर चिनिन्छ, उनीहरूले प्रति कामदार भर्नाको लागत ६ लाख टाका भन्दा बढी असुल गरिरहेका छन् । बंगलादेशका पूर्वअर्थमन्त्री एएचएम मुस्तफा कमल र ३ अन्य अवामी लिग सांसदहरू पनि सिन्डिकेटमा संलग्न रहेको बताइएको छ ।

हालै २३ वटा एजेन्सीहरूको सञ्जाल, बंगलादेश सिभिल सोसाइटी फर माइग्रेन्ट्सले अवामी लिगलाई प्रतिस्थापन गर्दै हालको शक्तिशाली राजनीतिक शक्तिसँग जोडिएको नयाँ सिन्डिकेट गठन गर्ने प्रयास भइरहेको पनि बताइएको छ।

# पत्रकार के.सी.लाई रिहा गरेर प्रेस स्वतन्त्रताको सम्मान गर्न माग

**काठमाडौं/मस-** पत्रकार सुजित के.सी.लाई साइबर अपराधको अभियोगमा प्रहरीले पक्राउ गरेको घटनाप्रति नेपाल पत्रकार महासंघले ध्यानाकर्षण गराएको छ । विधुतीय कारोबार ऐन विपरित पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको बारेमा प्रश्न उठाउँदै फेसबुक पेजमा लेखेको उजुरीका आधारमा पत्रकार के.सीलाई प्रहरीले पक्राउ गरेको महासंघ एसोसिएट प्रदेश समितिले जनाएको महासंघले जनाएको छ । के.सी. एसोसिएट संस्था नेपाल पत्रकार मञ्चका सदस्य हुन् ।



महासचिव रामप्रसाद दाहालले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'समाचार, विचार र समाचार मूलक सन्देशहरू प्रवाह गर्न पाउने तथा कुनै पनि सार्वजनिक विषयमा विचार अभिव्यक्त गर्नु र टीकाटिप्पणी गरिनु पत्रकारको नैसर्गिक हक हो । त्यसले कसैको मर्यादा, चरित्रमा धक्का पुगेमा क्षतिपूर्ति दाबी गर्ने वा प्रेस काउन्सिलमा उजुरी गर्ने सर्वमान्य अभ्यास छ । यससम्बन्धी सबै काम कारबाही प्रेस काउन्सिल नेपालको क्षेत्राधिकारमा रहेको पनि जानकारी गराइन्छ ।'

त्यसलाई बेवास्ता गरी अर्कै प्रयोजनका लागि बनेको कानुन प्रयोग गरेर पत्रकारलाई पक्राउ गरिनुलाई महासंघले अत्यन्त निन्दनीय र प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेपको रुपमा लिएको जनाइएको छ ।

महासंघले प्रहरीको यो हस्तक्षेपप्रति गम्भीर चिन्ता प्रकट गर्दै खेद व्यक्त गरेको छ । यो घटनाको छानबिन गरी पत्रकार के.सी.लाई यथाशीघ्र रिहा गरेर प्रेस स्वतन्त्रताको सम्मान गर्न सम्बन्धित निकायसँग माग समेत गरिएको छ ।

यसैबीच नेपाल पत्रकार मञ्च तथा नेपाल पत्रकार महासंघ एसोसिएट प्रदेश समितिले घटनालाई प्रेस स्वतन्त्रतामाथिको गम्भीर प्रहारको रूपमा लिँदै तत्काल रिहाइको माग गरेको छ । नेपाल पत्रकार मञ्चका महासचिव राजु भण्डारीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'सार्वजनिक पदधारीप्रति उठाइएका प्रश्नलाई अपराध ठहर गर्दै पत्रकारमाथि कारबाही गर्नु लोकतान्त्रिक व्यवस्थामाथिको खुला आक्रमण हो ।' मञ्चले संविधानले सुनिश्चित गरेको अभिव्यक्ति स्वतन्त्रतालाई मिच्ने कार्य कुनै पनि हालतमा स्वीकार्य नहुने स्पष्ट पारेको छ। घटनापछि एसोसिएट प्रदेश समिति अध्यक्ष रोयल आचार्य, केन्द्रीय सदस्य मनुका कुँवरलगायतको टोलीले हिरासतमा रहेका पत्रकार केसीसँग भेटघाट गरी स्वास्थ्य र अवस्थाबारे जानकारी लिएको छ ।

स्रोतका अनुसार, केसीले लेखेको स्टाटस केही समयपछि हटाइसकेका थिए । तर, स्टाटस हटाइएको भएपनि पक्राउ गर्नु, र जाहेरीदाताको नाम गोप्य राख्नु नितान्त दुर्भावनापूर्ण र गैरपारदर्शी कदम भएको मञ्चको ठहर छ । यता, नेपाल पत्रकार महासंघ एसोसिएट प्रदेशका महासचिव अशेष अधिकारीले पनि घटनाप्रति आपत्ति जनाएका छन् । विज्ञप्तिमा उनले भनेका छन्, 'विचार अभिव्यक्तिका लागि प्रयोग गरिएको माध्यमलाई आधार बनाउँदै पत्रकार पक्राउ गर्नु प्रेस स्वतन्त्रताको निर्मम हत्या हो । यस्तो घटना पुनः दोहोरिन नदिन राज्य संयन्त्र जिम्मेवार बन्नु जरुरी छ ।' मञ्चले पत्रकार केसीको अविलम्ब रिहाइको माग गर्दै घटनाको स्वतन्त्र र निष्पक्ष छानबिन हुनुपर्नेमा जोड दिएको छ। साथै, प्रेस स्वतन्त्रता कुण्ठित हुने गतिविधिहरू तत्काल बन्द गर्न सरकार, गृह मन्त्रालय र नेपाल प्रहरीको ध्यानाकर्षण गराइएको छ ।

# साउदीले नेपाललाई दियो २५ टन खजुर

**काठमाडौं/मस-** साउदी अरेबियाले नेपाललाई २५ टन खजुर उपहारस्वरुप प्रदान गरेको छ। सोमबार कुपन्डोलस्थित साउदी अरेबियाको दूतावासमा नेपालका लागि साउदी अरेबियाका राजदूत साद नासेर अबु हैमदले उक्त खजुर प्रदान कार्यक्रमको उद्घाटन गरेका हुन्। साउदी सरकारद्वारा राजा सलमान मानवीय सहायता तथा राहत केन्द्रमार्फत नेपाल सरकारलाई उपहारस्वरूप प्रदान गरिएको हो । उद्घाटन समारोहमा गृह मन्त्रालयका उपसचिव छबिलाल पौडेल, विभिन्न संस्थाका प्रमुख तथा विभिन्न पदाधिकारीहरुको उपस्थिति थियो ।




सो अवसरमा राजदूत हैमदले गृह मन्त्रालयका उपसचिव पौडेललाई उक्त परिणामको खजुर हस्तान्तरण गरे । राजदूत हैमदले साउदी अरेबियाका दुई पवित्र मस्जिदका संरक्षक राज सलमान बिनअब्दुल अजिज र युवराज तथा प्रधानमन्त्री राजकुमार मोदम्मद विन सलमानको इच्छा अनुसार नेपाललाई उक्त परिमाणको खजुर उपलब्ध गराएको बताए। उक्त खजुर नेपालमा रहेका मुस्लिम संघसंस्था, अपांग तथा अभिभावकविहीन बालबालिका, विश्वविद्यालयमा अध्ययनरत छात्रछात्रालाई विवरण गरिने साउदी दूतावासले बताएको छ ।

# व्यवसायी बोहराको निधन

काठमाडौं/मस-वैदेशिक रोजगार व्यवसायी विष्णु बोहराको निधन भएको छ। काठमाडौंको धापासीस्थित गुडविल इन्टरनेशनल प्रा.लि.का संचालक बोहराको सोमबार बिहान ४८ वर्षको उमेरमा निधन भएको हो।



धापासीस्थित फिटनेस क्लबमा बिहान ब्याडमिन्टन खेल्ने क्रममा उनी एक्कासी ढलेका थिए। त्यसपछि उनलाई बसुन्धारास्थित ग्रिनसिटी अस्पताल लगिएको थियो । तर चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए । उनको हृदयाघातका कारण निधन भएको अस्पतालले जनाएको छ । उनको सोमबार साँझ पशुपति आर्यघाटमा अन्तिम दाहसंस्कार गरिएको पारिवारिक श्रोतले जानकारी दिएको छ। बोहराका आमा, श्रीमती, ४ छोरी र १ छोरा रहेका छन्।

यसैबीच नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङसहित व्यवसायीहरु श्रद्धाञ्जली दिन पशुपति आर्यघाट पुगेका थिए । उनीहरुले बोहराको निधनप्रति दुःख व्यक्त गर्दै एक कुशल व्यवसायी गुमाउनुपर्दा पीडा महसुस भएको बताएका छन् ।

**नक्कली...**

पछिल्लो समय भारतीय विमानस्थल हुँदै मध्यपूर्वका केही देशहरूको भ्रमणमा जान नक्कली श्रम स्वीकृति र एनओसी देखाइ अध्यागमन पार गर्न खोज्नेको संख्या बढिरहेको जानकारी भारत सरकारका सम्बन्धित निकायहरूबाट प्राप्त हुन आएको नेपाली दूतावासको भनाइ छ।

नक्कली कागजातहरू प्रयोग गर्न खोज्ने व्यक्तिहरूलाई भारतीय अध्यागमन अधिकारीले विमानस्थलबाट नियन्त्रणमा लिइ प्रहरी हिरासतमा पठाउने गरेको र त्यस्ता व्यक्तिहरूको संख्यामा वृद्धि हुँदै गइरहेको भन्दै दूतावासले सूचनामा एनओसीको आवश्यकता पर्ने देशहरूको सूची, एनओसी प्राप्त गर्न पूरा गर्नुपर्ने प्रक्रिया, पेश गर्नुपर्ने कागजातहरू र बुझाउनुपर्ने दस्तुरसम्बन्धी विस्तृत जानकारी दूतावासको वेबसाइटमा राखिएको बताएको छ। दूतावासले खाडी मुलुकका लागि भिजिट भिसा भएकाहरूका लागि एनओसीका लागि १ हजार भारतीय रुपैयाँ शुल्क लिने गरेको छ ।

नेपालमा विभिन्न फौजदारी मुद्दामा सजाय पाएका तथा पक्राउ पुर्जी जारी भएकाहरूले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान गर्दा पक्राउ पर्ने डरले भारतीय विमानस्थल प्रयोग गर्ने गरेका छन्।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास विभाग
**स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय**
सुदुरपश्चिम प्रदेश, धनगढी, कैलाली

**प्राबिधिक प्रस्ताब स्वीकृत तथा आर्थिक प्रस्ताब खोल्ने सम्बन्धी सूचना**

(प्रकाशित मिति: २०८२/०२/०६)

यस आयोजना कार्यालयबाट मिति २०८१/१०/३० गतेको सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपसिलमा उल्लेखित कार्यका लागि आहवान गरिएका सूचना अनुसार बिद्युतीय खरिद प्रक्रियामा दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदताहरुको प्राबिधिक प्रस्ताब मूल्यांकन गर्दा योग्य रहेको देखिएकोले सार्बजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ज) ५ वमोजिम तपसिलमा उल्लेख भएको मिति,स्थान र समयमा आर्थिक प्रस्ताब खोलिने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. र आयोजनाको बिबरण | प्राबिधिक मूल्यांकनमा छनौट भएका बोलपत्रदाताहरु |
|---|---|---|
| १ | **LIDPO/DHN/NCB-01/MB/081-82** (Construction of Koteligad Tribeni Sadak Pul, Purchaudi-7,Baitadi(1x25m) | 1.M/S Maiya Nirman Sewa, Kathmandu Metropolitan City-29 Kathmandu. |
| २ | **LIDPO/DHN/NCB-03/MB/081-82** (Construction of Aadal Khola Krishnapur-01, Bhetghat Shibir ra Sundariphant Jodne Sadak pul, Kanchanpur (1*30) | 1. M/S Dhurbtara Nirman Sewa, Dhangadhi, Kailali.<br>2. M/S Aashish Construction Company Pvt. Ltd, Dhangadhi-04, Kailali<br>3. M/S Mahahra/Bhauneli Joint Venture, Kanchanpur, Nepal |
| मिति: २०८२/०२/१३ स्थान: स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, धनगढी, कैलाली समय: दिउसो १:०० बजे | | |

कार्यालय प्रमुख

**साउदीमा रोजगार**
कम्पनी: FAVOURITE ARABIA CONTRACTING COMPANY
शहर: Saudi Arabia, Al-khabar
पूर्व स्वीकृत मिति: २०८१/०५/१४ चलानी नं.: ६०२२४४७१ L.T. No.: 309880 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | construction Workers | 3 | 0 | स. काममा दक्ष | 1000 | ३६,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २२ गते (7 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Amity Global Employment Services Pvt. Ltd.
Ranibari Marg,Samakhusi 26,Kathmandu, Tel : 4970366, 4970466
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com

**कतारमा रोजगार**
कम्पनी: RAMACO TRADING & CONTRACTING
शहर : Qatar
पूर्व स्वीकृत मिति:२०८२/०२/०५ चलानी नं.: ६०२३८०६४ L.T. No.: 324158

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 100 | 0 | स. काममा दक्ष | 1000 | ३७,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, इटहरी सुनसरीमा मिति २०८२ जेठ १३ गते (27 May 2025) मा हुनेछ ।
मुस्कान ट्रेनिङ सेन्टर, जनकपुरधाम, धनुषामा मिति २०८२ जेठ १४ गते (28 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

मा पद्मा प्लेसमेन्ट प्रा. लि. श्रम ईजाजत नं.: ९३६/०६७/०६८
बसुन्धारा, काठमाडौं, फोन नं. : ०१-४९५४९०६, ४९५४९६०, ९८५१०६७९४१ ९८०१०८१९०२, Email : info@maapadma.com

**साउदीमा रोजगार**
कम्पनी: AG CAFE INTERNATIONAL MANAGEMENT REGIONAL HEADQUARTERS COMPANY IS A ONE-PERSON COMPANY शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०८२/०२/०५ चलानी नं.: ६०२३८०६१ LT. No.: 324103

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food & Beverage Counter Worker | 10 | 0 | स. काममा दक्ष | 2200 | ८०,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ जेठ १३ गते (27 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

H.R. International Employment Services Pvt. Ltd.
Gov. Lic No. 247/058/059
G.P.O. Box. No. 8974, CPC 203, Gairidhara-01, Kathmandu, Nepal
Tel:- 01-4521336, 4528508, Mob :- 9868005965/9808018084.
Email: hrintl2016@gmail.com / info@hrinter.com, Website: www.hrinter.com

# प्रथम महिला शाक्य भन्छिन्– ‘ढुक्क हुनुहोस्, राजनीतिमा आउँदिन’




**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ जेठ

‘करुणा’ लेखक राधिका शाक्यको सम्पादकहरूसँग संवाद कार्यक्रम सम्पन्न भएको छ। प्रेस चौतारी नेपालले सुकेधारास्थित मर्क्योर होटलमा सो संवाद कार्यक्रम आयोजना गरेको हो।

कार्यक्रममा करिब ३ दर्जन सम्पादकहरूले पुस्तक ‘करुणा’का बारेमा जिज्ञासासँगै सुझाव राखेका थिए। सम्पादकहरूको जिज्ञासामा जवाफ दिँदै प्रथम महिला शाक्यले पुस्तक ‘करुणा’ कसैलाई उपदेश दिन या कसैका फाइदाका लागि नलेखेको स्पष्ट पारिन्।

आफ्नो सानैदेखि केही न केही लेख्ने बानी रहेको बताउँदै उनले त्यही क्रममा आफूले आफ्नो भोगाइ लेख्दै गएको सुनाइन्। कतिपय महिलाहरूमा फेशन, गरगहना या अरुकाबारेमा गफ गरेर अल्झिने बानी भएपनि आफू लेख्नमै रमाउने गरेको पनि उनले बताइन्।

उनले केपी शर्मा ओलीसँग विवाह गरेको करिब ३८ वर्ष पुगेको भन्दै अहिलेसम्म पनि ओली गृहमन्त्री, परराष्ट्रमन्त्री, ४ पटकसम्म प्रधानमन्त्री हुँदासमेत शक्तिको दुरुपयोग गरेर कसैलाई कुनै काम नदिलाएको उल्लेख गरिन्।

कार्यकर्ता व्यवस्थापनबारे आफू जानकार नरहेको र आफूले कुनैपनि राजनीतिक कार्यमा हस्तक्षेप नगर्ने उनले बताइन्। आफूले राजनीति नगरेपनि राजनीति बुझ्ने उनको भनाइ थियो। साथै उनले आफू कहिल्यै राजनीतिमा नआउने पनि स्पष्ट पारिन्।

संवादका क्रममा सम्पादकहरूले शाक्यलाई तपाईं राजनीतिमा आउन लागेको हो कि भनेर प्रश्न गरेपछि उनले भनिन्, ‘म राजनीतिमा आउँदिनँ। तपाईंहरू ढुक्क हुनुहोस्।’

प्रथम महिला शाक्यले आफूमा कुनै लोभ, लाभ, अवसर खोज्ने चाहना र महत्वकांक्षा नरहेको पनि स्पष्ट पारिन्। साथै उनले देश द्रुत गतिले विकास हुन नसक्नुमा राजनीतिक अस्थिरता नै प्रमुख कारक रहेको भन्दै राजनीतिक अस्थिरतामा मिडियाको पनि हात रहेको हो कि भन्ने आफूलाई लागेको बताइन्। उनले मिडियासँग निष्पक्ष भूमिका निभाउन आग्रह गरिन्।

कार्यक्रममा वरिष्ठ साहित्यकार, समालोचक तथा प्राध्यापक डा. देवी नेपालले पुस्तकाबारे टिप्पणी गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीकी पत्नी प्रथम महिला राधिका शाक्यको कृति ‘करुणा’ संवेदना, संघर्ष र संकल्पको अनुभूतिको दस्तावेज भएको बताए।

पुस्तकमा उल्लेख भएको रोचक घटना, परिवेश र उदाहरणहरू पनि प्रस्तुत गर्दै डा. नेपालले पुस्तक ध्वनी, ब्यञ्जना, रस आदि सबैको उचित संयोजन भएको उल्लेख गरे। उनले उत्कृष्ट लेखन रहेको पुस्तक ‘करुणा’ लेखकको हृदय र मष्तिस्कको संयोजनबाट जन्मिएको बताए। केपी ओली प्रधानमन्त्री भएकै कारण शाक्यमाथि बेला बेला नकारात्मक कुरा गर्ने गरिएको भएपनि शाक्य आफैंमा अब्बल रहेको बताउँदै डा. नेपालले पुस्तकमा शाक्यका जीवनका भोगाइ भेटिने बताए।

यस्तै वरिष्ठ पत्रकार बबिता बस्नेतले पुस्तकमाथि टिप्पणी गर्दै प्रथम महिला शाक्यको जीवन सबैका लागि प्रेरणाको स्रोत बन्न सक्ने बताइन्। उनले लेखक शाक्यको यो पुस्तक पढ्दा कतिपय ठाउँमा अनायास आँसु आउने बताइन्। ‘लेखन सरल छ, तर अत्यन्त मिठासपूर्ण पनि छ,’ बस्नेतले बताइन्। पुस्तक पढ्दा यसको नाम ‘कल्पवृक्ष’ राख्न पाएको भए पनि हुने भनेर आफूलाई लागेको उल्लेख गर्दै शाक्यको आगामी कृति कविता संग्रहको रूपमा आओस् भन्ने आग्रह गरिन्।

प्रेस चौतारी नेपालका अध्यक्ष गणेश पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा विभिन्न मिडियाका सम्पादकहरू उपस्थित रहेका थिए। कार्यक्रम प्रेस चौतारी नेपालका महासचिव हिरामान लामाले संचालन गरेका थिए।

# मुस्लिम समुदायद्वारा कोशी सांस्कृतिक केन्द्रको माग

**इसतयाक अहमद/मध्यान्ह**
काठमाडौं, ५ जेठ



मुस्लिम समुदायले सुनसरी इनरुवादेखि एक किमी पश्चिममा रहेको भोक्राहा-नरसिंह गाउँपालिका ४ एसियन हाईवेसँगैको जग्गामा ‘कोशी सांस्कृतिक केन्द्र’ निर्माणको माग गरेको छ।

नेकपा एमाले सुनसरी इञ्चार्ज तथा पूर्वमन्त्री जगदिसप्रसाद कुसियतको नेतृत्वमा गएको टोलीले अर्थ तथा उपप्रधानमन्त्री विष्णु पौडेललाई योजनाबारे ब्रिफिङ्ग गर्दै उक्त माग गरेको हो। सोमबार दावा एण्ड इस्लाह सेण्टरको ६ कठ्ठा जग्गामा उक्त साँस्कृतिक केन्द्र निर्माणका लागि टोलीले विस्तृत परियोजना प्रतिवेदन र प्रोपोजल अर्थ मन्त्रीलाई बुझाएको छ।

कोशी प्रदेश स्तरमा निर्माणको अवधारणा तयार गरिएको यस कोशी सांस्कृतिक केन्द्रमा मुस्लिम समुदायको सांस्कृतिक झाँकी दिने कार्यालय, संग्रहालय, अतिथि गृह, हज्ज व्यवस्थापन हल, फरक-फरक आकारका सभा हल, मस्जिद, पुस्तकालय, सीपमुलक तालीम केन्द्र, हलालमैत्री भोजनालय, पार्किङ्ग आदिको सुविधा हुने पूर्वमन्त्री हुसैनले ब्रिफिङ गरेका थिए।

प्रतिनिधि मण्डलले अर्थमन्त्रीका साथै प्रधानमन्त्री र अर्थ सचिवलाई भेटेर परियोजनाबारे छलफल गरेको छ। बिफिङ्ग सुनेपछि अर्थमन्त्री पौडेलले योजनाबारे सकारात्मक रहेको बताए। प्रतिनिधि मण्डलमा पूर्वमन्त्री जगदिसप्रसाद कुसियत, पूर्वमन्त्री तथा संविधान सभा सदस्य मोहम्मद जाकिर हुसैन, धरान उमनपाका पूर्व उपप्रमुख मञ्जु सुवेदी, एमाले नेता लश्करी अन्सारी, अब्बास अन्सारी, जमील अन्सारी, दिनेश निरौला रहेका थिए।

**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०२/०६**

श्री जनशक्तिकरण समुदायिक वन उपभोक्ता समूह, तीनपाटन गा.पा.-०३, सिन्धुलीबाट आ.व. २०८१/०८२ मा उत्पादन भई घाटगद्दी गरी राखिएको साल जातको लट नं. १ र २ को ए ग्रेड साल जातको गोलिया काठ ३३ थानको ५०६.१९ क्युफिट, बी ग्रेडको गोलिया काठ ६५ थानको ७३३.१ क्युफिट र सी ग्रेडको गोलिया काठ २६ थानको १८७.१५ क्युफिट गरि जम्मा १२४ थानको १४२६.३५ क्युफिट काठ मिश्रीत दाउरा २.५ चट्टा लट बनाई राखिएको साल जातको गोलिया काठ तथा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री जनशक्तिकरण समुदायिक वन उपभोक्ता समूह तीनपाटन गा.पा.-०३, सिन्धुली**

**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०२/०६**

श्री जलकन्यादेवी समुदायिक वन उपभोक्ता समूह, कमलामाई न.पा.-७, सिन्धुलीबाट आ.व. २०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा गरी राखिएको साल जातको लट नं. १, २ र ३ को ए ग्रेड साल जातको गोलिया काठ ३० थानको ३८१.२१ क्युफिट, बी ग्रेडको गोलिया काठ ११३ थानको १०३७.७ क्युफिट र सी ग्रेडको गोलिया काठ ९८ थानको ५७२.३५ क्युफिट गरि जम्मा २४१ थानको १७९०.६३ क्युफिट, साल मिश्रीत दाउरा २.५ चट्टा गोलिया काठ तथा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री जलकन्यादेवी समुदायिक वन उपभोक्ता समूह, कमलामाई न.पा.-७, सिन्धुली**

**VACANCY ANNOUNCEMENT**

*We are looking for Experience, Smart, Energetic & Dynamic Candidates for following job position:*

| S.N. | POST | No. Of Post |
|---|---|---|
| 1. | General Manager | 1 (Male/ Female) |
| 2. | PRO | 5 (Male/ Female) |

*Candidates should have 2 years experience in related field.*

**Salary and other benefits: Negotiable/Attractive**

*Interested candidate can send their CV*

Phone: 01-5916635, Mobile: 9803138780, 9866550748
Email : wellgrowing@gmail.com.

**काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**पहिलो पटक सूचना प्रकाशन मिति: २०८२/०२/०६ गते मंगलबार**

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्दीमा राखिएको खयर जातको गोलिया काठ थान २१७ को २२७.३२ घ.फि. हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**देउराली सा.व.उ.स.**
**मधुवन-३, बर्दिया**

**मलेसियामा रोजगार**

कम्पनी: ANIRASS GAYA SECURITY SERVICES SDN. शहर: JALAN
पूर्व स्वीकृत मिति: २०८२/०१/३० चलानी नं.: ६०२३७६८१ LT. No.: 323285

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1700 | ५४,०२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ १३ गते (27 May 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

"One Team, One Dream"
**BIGYAN HR MANAGEMENT PVT. LTD.** Govt Lic No. 1503/074/075
Chandol-04, Chappalkarkhana Chowk, Kathmandu, Nepal, Tel: 01- 4422477, 01- 4423477, Fax: 4423477
Email: managementbigyanhr@gmail.com, Website: www.bigyanhr.com

**बागमती प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**धादिङबेशी, धादिङ**

**बोलपत्र स्वीकृतिको आशयको सूचना**

**सूचना प्रकाशित मिति: २०८२/०२/०६**

यस कार्यालयवाट प्रकाशित सूचना अनुसार विद्युतीय माध्यमवाट दर्ता हुन आएका तपशील बमोजिमका बोलपत्र प्रस्तावहरू न्यूनतम मुल्यांकित तथा सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशील**

| क्र. सं. | योजनाको नाम र ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट समेत) |
|---|---|---|---|
| १. | Daman Pakhrin Marg (Dhadingbesi Sangkosh Tipling Syafrubesi), Khaniyabas Rural Municipality, Dhading<br>Contract ID: IDODHADING/W/NCB/MYR-02/2081/82 | Om Shrestha/Narsingh/SMGCPL JV, Neelakantha-3 Dhading | ९,२६,१४,३३८.४३ |
| २. | Chhatreparty Hattipata Ramailochaur Sadak Chetraparty Hattipata Ramailochaur Sadak, Dhunibesi-3, Dhading<br>Contract ID: IDODHADING/W/NCB/MYBR-03/2081/82 | Umang Construction ,Kathmandu | २,४९,०५,१५३.९५ |
| ३. | Malekhu Khola Kudulle Talti Sadak Staronnati,Benighat Rorang-2 and 3, Dhading<br>Contract ID: IDODHADING/W/NCB/MYR-04/2081/82 | Kasthamandap Construction Pvt.Ltd., Kathmandu-14 | ८,७५,००,०४७.८० |
| ४. | Construction of Palpa Bhanjyang SadhBhanjyang Sadak (Sadh Bhanjyang- Dhola Maidi Khanda) Jwalamukhi RM, Dhading<br>Contract ID: IDODHADING/W/NCB/MYR-05/2081/82 | Roman & Rita-Lirung-Lead JV, Chandragiri-7, Kathmandu | २,८५,०७,४०४.७२ |
| ५. | Malekhu Khola Sadak Pool, Anptar Puchhar Dekhi School Chaur Sadak Benighat Rorang-2<br>Contract ID: IDODHADING/W/NCB/MYBR-02/2081/82 | Jwalamukhi Construction, Neelakantha-3, Dhading | ६,३०,७०,७००.१३ |

**कार्यालय प्रमुख**

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास विभाग
स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय
**सुदूर पश्चिम प्रदेश, धनगढी**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८२/०२/०६ (May 20, 2025)**

यस कार्यालयबाट मिति २०८१/१२/२० गते प्रक्षेपण राष्ट्रिय दैनिक पत्रिका र एए:इ को e-procurement portal https://bolpatra.gov.np/egp मार्फत प्रकाशित सूचना अनुसारको सडक योजना निर्माण कार्यको लागि दाखिला भएका बोलपत्रहरु मध्ये तपसिल वमोजिमका बोलपत्र न्यूनतम मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि बोलपत्र मुल्याङ्कन समितिबाट सिफारिस भई आए बमोजिम सार्वजनिक खरीद ऐन २०६३ (संशोधन समेत) को दफा २७ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.नं. | ठेक्का सूचना नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पि.एस. समेत) |
|---|---|---|---|
| 1 | LIDPO/DHN/W/R/NCB/68/081-82 | M/S AEC-CAR J.V, Bitthadchir-07, Bajhang | 1,24,73,336.32 |
| 2 | LIDPO/DHN/W/R/NCB/69/081-82 | M/S AEC-CAR J.V, Bitthadchir-07, Bajhang | 92,49,897.43 |

**कार्यालय प्रमुख**

मध्यान्ह
www.madhyanhadaily.com

६ जेठ २०८२ मंगलबार
20 May 2025, Tuesday

## सम्पादकीय

# तिलगाउँ संकटको सन्देश

हुम्लाको नाम्खा गाउँपालिका-६, तिलगाउँमा गएको हिम पहिरो पीडितहरूको राहत र उद्धार कार्य सरकारले ५ दिनपछि बल्ल अगाडि बढाएको छ । गृहमन्त्री रमेश लेखकले सोमबार हिम पहिरो पीडितहरूको उद्धार र राहत वितरण गर्न निर्देशन दिएका हुन् । गृहमन्त्री लेखकको निर्देशन सँगै तिलगाउँका ३२ जना पीडितलाई उद्धार गर्न सरकारी टोली परिचालित भएको छ । तिलगाउँमा १ जेठको राति हिम पहिरो गएको थियो । हिमताल फुटेर लेदो सहित आएको बाढीका कारण १८ परिवारका २९ जना महिला, ९ पुरूष र २ बालक विस्थापित भएका छन् । हिम पहिरोबाट ५ वटा काठे पुल बगेको छ भने १५ किलो वाट क्षमताको जलविद्युत आयोजना क्षतिग्रस्त बनेको छ । ४ सय रोपनी क्षेत्रफलमा हुने सिंचाईको कुलो बगेको छ ।

तर हिमताल फुटेको ५ दिनसम्म पनि सरकार त्यहाँ पुग्न सकेको छैन । जबकि सरकारले प्रतिष्ठाकै विषय बनाएर राजधानी काठमाडौंमा 'सगरमाथा सम्वाद' गऱ्यो । जलवायु परिवर्तनकै मुद्दामा केन्द्रीत हुँदै संसारभरका अतिथि बोलाएर सगरमाथा सम्वाद सुरू भएकै दिन तिलगाउँमा हिमताल फुटेको थियो । तर त्यसको खबर राजधानीसम्म आइपुग्न चार दिन लाग्यो । स्थानीय सरकार र प्रहरी प्रशासनले हिमताल फुटेको भोलिपल्टै सूचना पाएको थियो । यद्यपि उद्धार कार्यलाई प्राथमिकतामा राखेको देखिएन । संघीय सरकार त जलवायु परिवर्तनको मुद्दामा बहस गर्नमै व्यस्त थियो । नेपाल हिमालय देश भएकाले जलवायु परिवर्तनको असरप्रति संसार सामू गम्भीर चासो राखिरहेको थियो ।

तर जलवायु परिवर्तनकै कारण तिलगाउँमा हिमताल फुट्यो । राजधानीमा जलवायु परिवर्तनको बहस चलिरहँदा तिलगाउँमा भएको यो घटना र उद्धारमा देखिएको सुस्तता आफैमा संगतीपूर्ण छैन । राजधानीको बहस महत्वपूर्ण नै हो, तर यसको अर्थ बहसमा मात्र सरकार केन्द्रीत हुनु हुन्न । बरू हिमताल विस्फोटका संकटहरूबारे आवश्यक पूर्वतयारी गरिनुपर्छ । विभिन्न अध्ययनहरूका अनुसार नेपाल सहितका ८ देशमा फैलिएको हिमालय क्षेत्रमा ४७ वटा हिमताल विस्फोटको जोखिममा छन् । त्यस मध्ये नेपालभित्रै विस्फोटका सम्भावना रहेका २१ हिमताल छन् । विगतमा हिमताल विस्फोट भएका ५७ घटना छन् । यस्तो जोखिमबाट नागरिकको जीउधनको रक्षा गर्ने दायित्व राज्यकै हो । अर्थात् जलवायु परिवर्तनको मुद्दामा संसारलाई सन्देश दिनेसँगै जोखिम युक्त क्षेत्रका नागरिकहरूको जीवन रक्षाको पूर्वतयारी पनि सरकारले गर्नुपर्छ । तत्काललाई भने तिलगाउँ पीडितहरूको उद्धारमा सरकार केन्द्रीत हुनुपर्छ ।

# जलवायु परिवर्तनको चिन्ता

*जलवायु परिवर्तनले मानव सभ्यताको दीर्घकालीन भविष्यमाथि प्रश्न उठाइरहेको छ । यसका असरहरु हरेक खण्डमा देखिन थालेका छन्- जल, जमिन, जंगल, जीवन सबै प्रभावित छन्...*

अग्रलेख



● जीवन शर्मा

जलवायु परिवर्तन विश्वका लागि एक साझा चिन्ता बनेको छ । यो वातावरणीय संकट मात्र होइन, आर्थिक, सामाजिक र राजनीतिक पक्षहरूमा समेत गहिरो असर पार्ने बहुआयामिक चुनौती हो ।

पछिल्ला केही दशकहरूमा मानवीय गतिविधिहरू, विशेषतः औद्योगीकरण, वन विनाश र अत्यधिक जीवाश्म इन्धन प्रयोगका कारण पृथ्वीको वातावरणीय सन्तुलन गम्भीर रूपले प्रभावित भएको छ । यसको परिणामस्वरूप तापक्रम वृद्धिदेखि लिएर समुद्री सतहको वृद्धिसम्म, चरम मौसम घटनाहरू, वन्यजन्तु तथा जैविक विविधतामा गिरावट र खाद्य सुरक्षा संकटसम्मका गम्भीर असरहरू देखापरेका छन् । वातावरणीय सन्तुलनमा आएको असन्तुलनको एक प्रमुख संकेत भनेको वैश्विक तापक्रम वृद्धि हो । वैज्ञानिक अनुसन्धानहरूअनुसार पृथ्वीको सतहको औसत तापमान १९औं शताब्दीदेखि अहिलेसम्म झन्डै १ दशमलव १ डिग्री सेल्सियसले बढिसकेको छ । यो वृद्धि सामान्य रूपमा सानो देखिए पनि यसको प्रभाव भने अत्यन्तै गहिरो छ ।

तापक्रमको वृद्धिले हिमनदीहरू पग्लन थालेका छन्, ध्रुवीय बरफहरू हराउँदै छन्, समुद्रको सतह बढिरहेको छ र गर्मी लहरहरू अधिक तीव्र तथा बारम्बार भइरहेका छन् । यसले वातावरण मात्र होइन, मानव जीवनका सबै पक्षमा असर पार्न थालेको छ ।

वातावरणीय संकटको असर विकासोन्मुख देशहरूमा बढी देखिएको छ । यस्ता देशहरूमा पूर्वाधार कमजोर, प्रविधिको पहुँच सीमित र दिगो व्यवस्थापन प्रणाली अपर्याप्त हुँदा जालवायु परिवर्तनका असरहरूसँग जुध्न थप कठिनाइ भएको छ । नेपाल जस्तो पहाडी भूभाग भएको देशमा जलवायु परिवर्तनका असर झनै जटिल छन् । यहाँको जलवायु प्रणाली हिमनदी, वर्षा चक्र र वनस्पतिमा आधारित भएकाले तापक्रम वृद्धिले बाढी, पहिरो, सुख्खा र कृषि उत्पादनमा अस्थिरता ल्याइरहेको छ । विशेषगरी कृषिमा निर्भर ठूलो जनसंख्याको जीविकोपार्जनमा प्रत्यक्ष असर परिरहेको छ ।

जलवायु परिवर्तनले खाद्य सुरक्षामा समेत गम्भीर असर पारिरहेको छ । कृषि प्रणाली मौसममा निर्भर हुने हुँदा तापक्रमको सानो परिवर्तनले समेत बालीको उत्पादकत्वमा गिरावट ल्याउन सक्छ । समयमै वर्षा नहुनु, असिनापात, तुषारो वा अत्यधिक गर्मीका कारण कृषकहरूले ठूलो क्षति बेहोर्नुपरेको छ । यस्तो अवस्थामा आयको स्रोत सुक्दै जान्छ, गरिबी बढ्छ र सामाजिक असन्तुलन गहिरिँदै जान्छ । जलवायु परिवर्तनले महिलाहरू, बालबालिका, वृद्धवृद्धा र आर्थिक रूपले कमजोर वर्गलाई असमान असर पार्ने गरेको तथ्यहरू अध्ययनहरूले देखाएका छन् । यसले सामाजिक समानता र मानवअधिकारको प्रश्नलाई समेत उठाएको छ ।

जालवायु परिवर्तनको अर्को गम्भीर असर भनेको मानव स्वास्थ्यमा देखिएको छ । तापक्रम वृद्धि र प्रदूषणका कारण श्वासप्रश्वाससम्बन्धी रोगहरू, जलजन्य रोगहरू र मानसिक स्वास्थ्य समस्याहरू बढिरहेका छन् । विशेषगरी शहरी क्षेत्रहरूमा अत्यधिक गर्मीका कारण थुप्रै खालका स्वास्थ्य समस्या देखापर्न थालेका छन् । यसअघि कहिल्यै नदेखिएका रोगहरू नयाँ ठाउँमा देखापर्न थालेका छन् । जस्तै : मलेरिया वा डेंगी जस्ता रोगहरू उच्च भू-भागसम्म फैलिन थालेका छन् । यो मानव स्वास्थ्य प्रणालीमाथि थप दबाक सिर्जना गर्ने खालको संकट हो ।

वातावरणीय आपत्हरूको तीव्रता र आवृत्तिमा भएको वृद्धि अर्को चिन्ताको विषय हो । पहिले १०-१५ वर्षमा देखिने बाढी, सुख्खा वा आँधी जस्ता घटनाहरू अब हरेक वर्ष झेल्नुपर्ने बाध्यता बन्न थालेका छन् ।

मौसमको अनिश्चितताले योजनाबद्ध विकासमा समेत असर पार्छ । पूर्वानुमान गर्न गाह्रो हुने हुँदा संरचना निर्माण, कृषि योजना र पर्यटनलगायतका क्षेत्रहरूमा दीर्घकालीन नोक्सानी हुन्छ । जलवायु आपत्ले मानिसहरूलाई स्थान छाड्न बाध्य बनाउँछ, जसलाई 'जलवायु शरणार्थी' भनिन्छ । यस्ता व्यक्तिहरूको संख्या भविष्यमा करोडौंमा पुग्न सक्ने अनुमान गरिएको छ ।

वन्यजन्तु र जैविक विविधतामा परेको प्रभाव पनि गम्भीर छ । जालवायु परिवर्तनले प्राणीहरूको बासस्थान नष्ट गरिरहेको छ । तापक्रमको परिवर्तनले कतिपय प्रजातिहरू अन्यत्र सर्न बाध्य भएका छन् भने कतिपयको अस्तित्व नै संकटमा परेको छ ।

समुद्री जीवनमा समेत कार्बनडाइअक्साइडको अत्यधिक मात्रा घुल्दा महासागर अम्लीकरण भइरहेको छ, जसले कोरल रिफ र अन्य समुद्री प्रजातिहरूमा विनाश ल्याइरहेको छ । जैविक विविधता मानव सभ्यताको आधार हो- खाद्य, औषधि, जल र जीवन चक्रको सन्तुलनमा यसको महत्त्वपूर्ण भूमिका हुन्छ । यसको विनाश मानव अस्तित्वका लागि नै खतरा हुन सक्छ ।

जालवायु परिवर्तनको समाधानका लागि विश्वभर बहस, सम्मेलन र सम्झौताहरू भइरहेका छन् । पेरिस सम्झौता (२०१५) एक महत्त्वपूर्ण पहल हो, जसले सन् २१०० सम्ममा तापमान वृद्धिलाई २ डिग्री सेल्सियसभन्दा तल राख्ने लक्ष्य राखेको छ । यद्यपि, व्यवहारमा यसको कार्यान्वयन सुस्त र असमान छ ।

ठूला औद्योगिक राष्ट्रहरूले पर्याप्त उत्तरदायित्व लिएका छैनन् भने साना राष्ट्रहरूले अनपेक्षित रूपमा यसको असर झेलिरहेका छन् । जलवायु न्यायको सवाल यहाँ उठ्छ- जो दोषी छैन, उसैले बढी भुक्तानी गर्नुपरेको अन्यायपूर्ण यथार्थ छ ।

नेपाल जस्तो सानो राष्ट्रले पनि जलवायु परिवर्तनका असरहरूसँग जुध्न रणनीति बनाउन थालेको छ । राष्ट्रिय अनुकूलन योजना, जलवायु परिवर्तन नीतिहरू तथा हरित विकास अवधारणामार्फत दीर्घकालीन तयारी गरिँदै छ । तर, बजेट, स्रोत र प्रविधिको अभावले योजनाहरू कागजमै सीमित हुने खतरा छ । स्थानीय तहको सक्रियता, जनचेतना अभिवृद्धि र वातावरणमैत्री प्रविधिको प्रयोग अत्यन्त आवश्यक छ । स्कुल, मिडिया र समुदायमा वातावरणीय शिक्षा र व्यवहार परिवर्तनका कार्यक्रमहरूले दीर्घकालीन प्रभाव पार्न सक्छन् ।

> *वातावरणीय संकटको असर नेपाल जस्ता विकासोन्मुख देशहरूमा बढी देखिएको छ । यस्ता देशहरूमा पूर्वाधार कमजोर, प्रविधिको पहुँच सीमित र दिगो व्यवस्थापन प्रणाली अपर्याप्त हुँदा जालवायु परिवर्तनका असरहरूसँग जुध्न थप कठिनाइ भएको छ...*

जालवायु परिवर्तनले थप्दै लगेको चिन्ता वैज्ञानिक वा सरकारी विषय मात्र होइन; यो प्रत्येक नागरिकको सरोकार हो । हामी सबैका स-साना कार्यहरूले वातावरणमा असर पार्छन् । ऊर्जाको बचत, प्लास्टिक प्रयोगमा कमी र पुनः प्रयोगयोग्य सामग्रीको प्रयोगले पृथ्वीको बोझ घटाउन सकिन्छ ।

सार्वजनिक यातायातको प्रयोग, हरियाली प्रवर्धन र सचेत उपभोग अभ्यासले सकारात्मक सन्देश दिन सक्छ । युवा पुस्ताको भूमिका विशेष महत्त्वपूर्ण छ- तिनीहरू वातावरणका मुद्दामा सचेत, क्रियाशील र नवप्रवर्तनशील छन् । जलवायु अभियानहरू, जनदबाब र नीति निर्माणमा उनीहरूको सहभागिता अपरिहार्य छ । अन्ततः, जलवायु परिवर्तनले मानव सभ्यताको दीर्घकालीन भविष्यमाथि प्रश्न उठाइरहेको छ । यसका असरहरू हरेक खण्डमा देखिन थालेका छन्- जल, जमिन, जंगल, जीवन सबै प्रभावित छन् । यदि अब तीव्र र एकीकृत कदम चालिएन भने भविष्यमा हाम्रो अस्तित्व संकटमा पर्न सक्ने सम्भावना बढ्दो छ ।

यो केवल चेतावनी होइन, एक पुकार हो, जहाँ विश्वले साझा जिम्मेवारी, नैतिक उत्तरदायित्व र दूरदर्शिता प्रदर्शन गर्नु जरुरी छ । जलवायु परिवर्तन रोक्न सकिएला वा न सकिएला तर हामीले तत्काल सधैंका लागि जोगाउने काम रोक्नु हुँदैन । पृथ्वी हाम्रो साझा घर हो, यसको संरक्षणमा हामी सबैको उत्तरदायित्व बराबरी छ ।



## इतिहासमा आज

२० मे २००९ मा इन्डोनेसियाली वायु सेनाको लकहिड एल-१०० हर्कुलस म्यागेटान रिजेन्सीमा दुर्घटनाग्रस्त भएको थियो, जुन घटनामा ९९ जनाको मृत्यु भएको थियो ।



२० मे २०११ मा ममता बनर्जीले पश्चिम बंगालको मुख्यमन्त्रीको रूपमा शपथ ग्रहण गरेकी थिइन् । उनी यो पद धारण गर्ने पहिलो महिला बनेकी थिइन् ।



२० मे २०१२ मा उत्तरी इटालीमा ६ म्याग्निच्युडको भूकम्प जाँदा कम्तीमा २७ जनाको मृत्यु भएको थियो, जसमा ५० जना घाइते भएका थिए ।



२० मे २०१३ मा ओक्लाहोमा सिटीको उपनगर मुरमा ईएफ ५ टोर्नाडोले बितण्डा मच्चाउँदा २४ जनाको मृत्यु र ३७७ जना घाइते भएका थिए ।



# विपद् जोखिमको पूर्वतयारी

विचार



● उत्तम कार्की

> *नेपालमा विपद् व्यवस्थापनको प्रयास सरकार तथा विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय निकायहरूद्वारा हुँदै आएको भए पनि ती प्रयासहरू प्रायः विपद् आइसकेपछि मात्र सक्रिय हुने गरेकाले दीर्घकालीन समाधानमा पुग्न कठिन भइरहेको छ...*

विपद् जोखिम भन्नाले कुनै प्राकृतिक, मानवजनित वा प्राविधिक कारणले जनजीवन, सम्पत्ति, पूर्वाधार, सेवा तथा स्रोत, साधनमा पर्ने सम्भावित नोक्सान वा क्षतिको सम्भावनालाई जनाउँछ ।

संसारका धेरै देशहरूझैं नेपाल पनि विपद् जोखिममा रहेका देशहरूमध्ये एक हो । भौगोलिक, सामाजिक, आर्थिक तथा पर्यावरणीय कारणहरूले गर्दा नेपालमा विविध प्रकारका विपद् आउने गरेका छन् । तीमध्ये भू-कम्प, बाढी, पहिरो, डुबान, आगलागी, चटयाङ, हिमपात, खडेरी, हिमताल फुट्ने जोखिम, महामारी जस्ता विपद्ले यहाँ बारम्बार जनधनको क्षति गराउँदै आएका छन् ।

नेपालको भौगोलिक बनावट नै विपद् जोखिमको मूल कारक हो । यहाँको ८० प्रतिशतभन्दा बढी भू-भाग पहाडी र हिमाली छ, जसले गर्दा वर्षा हुने समयमा पहिरो र बाढीको जोखिम अत्यन्तै उच्च हुन्छ ।

त्यस्तै, विनाशकारी भूकम्पको दृष्टिकोणले नेपाल जोखिमयुक्त क्षेत्रभित्र पर्छ । २०७२ सालमा आएको गोरखा केन्द्रबिन्दु भएको ७ दशमलव ८ म्याग्निच्युडको महाभूकम्पले हजारौंको ज्यान लियो, लाखौं घर भत्किए र संरचनाहरू ध्वस्त भए । यस्तो भूकम्पको दोहोरिने सम्भावना अझै कायमै छ ।

भौगोलिक अवस्थाका अतिरिक्त, जनसंख्याको असमान वितरण, गरिबी, अव्यवस्थित शहरीकरण, वातावरणीय क्षरण, विपद् प्रबन्धनमा समन्वयको अभाव तथा चेतना र पूर्वतयारीको कमी जस्ता कारणले पनि विपद् जोखिम बढ्न पुगेको छ ।

ग्रामीण क्षेत्रमा बसोबास गर्ने समुदायहरू अझ बढी जोखिममा छन् किनभने उनीहरूमा विपद्को पूर्वतयारी, जोखिम न्यूनीकरण तथा विपद् उत्तरदायी क्षमता अत्यन्तै सीमित छ ।

नेपालमा विपद् व्यवस्थापनको प्रयास सरकार तथा विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय निकायहरूद्वारा हुँदै आएको भए पनि ती प्रयासहरू प्रायः विपद् आइसकेपछि मात्र सक्रिय हुने गरेकाले दीर्घकालीन समाधानमा पुग्न कठिन भइरहेको छ । विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू नीति तहमा सीमित हुने, स्थानीय तहमा कार्यान्वयनमा कमजोरी देखिनु, स्रोत, साधनको अभाव हुनु र जनसहभागिता न्यून हुनु जस्ता समस्याले प्रभावकारिता घटाएको छ ।

विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी सबैभन्दा महत्त्वपूर्ण पक्ष हो । यसका लागि विद्यालयस्तरदेखि नै विपद्सम्बन्धी ज्ञान र चेतना दिइनु आवश्यक छ । समुदाय स्तरमा विपद् उत्तरदायी समूहहरू गठन गरेर तिनीहरूलाई आवश्यक तालिम, उपकरण र स्रोत, साधन उपलब्ध गराउनु जरुरी छ ।

त्यस्तै, अव्यवस्थित शहरी विस्तार, जथाभावी खनिएका सडक, बिनायोजना निर्माण गरिएका संरचनाहरूले विपद्को जोखिमलाई बढाएका छन् । त्यसैले, विपद् सजग र वातावरणमैत्री विकास योजना अवलम्बन गर्नु आजको आवश्यकता हो ।

भौगोलिक सूचना प्रणाली, भू-उपग्रह चित्र, मौसम पूर्वानुमान प्रणालीलगायत प्रविधिको प्रयोग गरेर जोखिमको अध्ययन र सम्भाव्य विपद्को पूर्वसूचना दिने प्रणालीहरू विकास गर्न सकिन्छ । यस्ता प्रविधिको प्रयोगले जोखिमको पहिचान, क्षति न्यूनीकरण तथा पूर्वसावधानीको स्तरलाई बढाउन सकिन्छ ।

विपद्का बेला संचारको प्रभावकारिता अत्यन्तै महत्त्वपूर्ण हुन्छ । सही समयमा, सही माध्यमबाट सूचना प्रवाह भएमा क्षतिको मात्रा न्यूनीकरण गर्न सकिन्छ । स्थानीय तहमा कार्यरत जनप्रतिनिधिहरू, स्वयंसेवकहरू, सुरक्षाकर्मीहरू, स्वास्थ्यकर्मीहरूबीच आपसी समन्वय र तालमेल कायम हुन जरुरी छ ।

अन्तर्राष्ट्रिय अनुभवले देखाएको छ कि दीर्घकालीन र समावेशी योजना, जनसहभागिता, शिक्षा, प्रविधिको प्रयोग र संस्थागत समन्वयबाट मात्र विपद् जोखिमलाई न्यून पार्न सकिन्छ । नेपालले पनि यस्ता अभ्यासहरूबाट सिकेर आफ्ना नीति र कार्यक्रमहरूलाई व्यवहारमा ल्याउनु आवश्यक छ ।

सामाजिक सद्भाव, समुदायको एकता र सहकार्य पनि विपद् व्यवस्थापनका बलिया आधार हुन् । विपद् पूर्वतयारी, उत्तरदायित्व र पुनर्स्थापनाका क्रममा सामुदायिक नेतृत्वमा आधारित रणनीति प्रभावकारी हुन्छ । स्थानीय जनशक्ति, ज्ञान, सीप र अनुभवलाई कदर गरेर योजना निर्माण तथा कार्यान्वयनमा लगाउनुपर्छ ।

निष्कर्षमा भन्दा, विपद् जोखिम नेपालको अविभाज्य यथार्थ हो । यसलाई नअटेर बस्नुको सट्टा वैज्ञानिक, व्यावहारिक र समन्वययुक्त उपायहरू अपनाएर दीर्घकालीन रणनीतिमा जानुपर्छ । चेतना, तयारी, समन्वय र स्रोतको कुशल व्यवस्थापनमार्फत मात्र विपद् जोखिम न्यूनीकरण सम्भव हुने छ । विपद्को जोखिम कम गर्नु भनेको भविष्य सुरक्षित गर्नु हो । यो अभियानमा सरकार, नागरिक समाज, निजी क्षेत्र र हरेक व्यक्तिको सक्रिय सहभागिता अपरिहार्य छ ।

## सामाजिक सञ्जाल



मधुरमण आचार्य

पहिले स्थगित भएको सगरमाथा संवाद आयोजना भयो । नेपालको आफ्नै अग्रसरतामा यस्तो कार्यक्रम हुनु ठूलै उपलब्धि हो । 'ठूला पाहुना' आएनन् भन्नु तुक छैन । यो सरकार प्रमुख आउने अन्तरसरकारी बैठक होइन । संवाद हो । यस्तो कार्यक्रम निरन्तर गर्नुपर्छ अनि मात्र विश्वसनीय हुन्छ । भन्दै आएको यही हो !



उद्धवराज भेटुवाल

कांग्रेस भएपछि खुकुरी नचाउँदै हिँड्न पाइने हो ? दिन दहाडै छुरा हान्न पाइने हो ? विश्वविद्यालयमा ताला लगाएर प्राध्यापकलाई ठटाउन पाइने हो ? कांग्रेस विचारहीन भएको त थाहा थियो तर गणेश लामाहरूको आदर्शमा विलीन भइसकेको थाहा थिएन । देशलाई कांग्रेसमुक्त गर्न ढिला नगरौं । कांग्रेस चरित्र राष्ट्रिय समस्या बनिसक्यो ।



निर्मल प्रसाईं

माया राईलाई सहकारी छानबिन समितिको संयोजक बनाइदेऊ, मोहन बस्नेतलाई टेरामक्स छानबिन समितिको संयोजक बनाइदेऊ, अफताब आलमलाई इट्टाभट्टा नरसंहार छानबिन समितिको संयोजक बनाइदेऊ । त्यसपछि बीपी कोइरालाको फोटो हटाइदेऊ किनकि बीपी दण्डहीनतासँग सम्झौता गर्दैनथे ।



प्रेमकान्त अधिकारी

अदालतले स्थानीय जनभावनालाई कुल्चिएर कोही १-२ व्यवसायीको संरक्षणलाई आदेश जारी गर्छ भने त्यसलाई अस्वीकार गरिदिएर स्थानीय कल्याण हुन्छ भने विकासको निहुँमा विनाश नहोस् । परापूर्वकालदेखि मानिआएको धर्म, संस्कार, संस्कृति, अस्तित्व, मौलिकता जगेर्ना होस् ।

## लुम्बिनी प्रदेशको नीति तथा कार्यक्रम

# भौतिक पूर्वाधार, सुशासन र कृषि प्रमुख प्राथमिकतामा

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
भालुवाङ, ५ जेठ

लुम्बिनी प्रदेशका प्रदेश प्रमुख कृष्णबहादुर घर्तिमगरले लुम्बिनी प्रदेशको छैठौं अधिवेशनको पाँचौं बैठकमा आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गरेका छन् ।

प्रस्तुत नीति तथा कार्यक्रममा प्रदेश सरकारको समग्र विकास, सुशासन, सेवा प्रवाह, कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्य, वातावरणलगायतका विविध विषय समेटिएका छन् । प्रदेश सरकारले नीति तथा कार्यक्रममार्फत नागरिक जीवनस्तर उकास्ने, दिगो विकासमा आधारित समृद्ध प्रदेश निर्माण गर्ने तथा जनताको विश्वास जित्ने दिशा तय गरेको छ ।

नीति तथा कार्यक्रम अनुसार प्रदेश सरकारले भौतिक पूर्वाधार र मानवीय विकासलाई सुदृढ बनाउँदै लैजाने, तीन तहका सरकारबीच समन्वय र सहकार्य अभिवृद्धि गर्ने, प्रदेशलाई संस्थागत बनाउने कानुनी तथा जनशक्ति सम्बन्धी आधार तयार गर्ने र सबै जिल्लाको सन्तुलित तथा विशेषतायुक्त विकासमा प्राथमिकता



दिने बताइएको छ ।

प्रदेशका सबै मन्त्रालय तथा निकायहरूको समन्वयात्मक परिचालनलाई बल दिइएको छ भने सुशासन, नागरिक मैत्री प्रशासन र सेवा प्रवाहमा व्यापक सुधार गर्ने लक्ष्य लिइएको छ । प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्दै 'मोबाइल हातमा-प्रदेश सरकारका सेवा साथमा' जस्ता अभियान अघि बढाइने उल्लेख गरिएको छ ।

कृषिमा उत्पादकत्व वृद्धि, कृषिलाई समृद्धिको मेरुदण्डका रूपमा विकास गर्ने, कृषकका गरालाई सधैं हराभरा बनाउने तथा घरदैलोमै कृषि सेवा पुऱ्याउने नीति अवलम्बन गरिनेछ । साथै, प्रदेशलाई आगामी १० वर्षभित्र पूर्ण प्राङ्गारिक प्रदेश बनाउने लक्ष्य लिइएको छ । अर्गानिक खेतीलाई विकासगरी प्रदेशलाई अर्गानिक खेतीको हवको रुपमा विकास गरिने उल्लेख छ ।

उद्योग, उद्यमशीलता र स्वदेशी वस्तुको प्रवर्द्धनमार्फत रोजगारी सिर्जना गर्ने तथा सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई अझ मजबुत बनाउने योजना छ । सञ्चार जगतसँग सहकार्य गरी सरकारको नीति तथा कार्यक्रम जनस्तरसम्म पुऱ्याइने उल्लेख गरिएको छ । 'नागरिकको योगदान, महिनाको एक दिन श्रमदान', 'मेरो विद्यालय मेरो दायित्व', 'हरियालीसहितका सडक पूर्वाधार' तथा 'प्रत्येक घर उज्यालो अभियान' जस्ता नागरिक अभिमुखी कार्यक्रमहरू नीति तथा कार्यक्रममा समेटिएका छन् । अधुरा आयोजनालाई सम्पन्न गर्ने, आयोजना बैंकको अवधारणा लागू गर्ने, एक जिल्ला एक नमूना बस्ती निर्माण गर्ने तथा रामपुर-चापाकोट शहर विकास जस्ता योजना पनि नीति तथा कार्यक्रममा उल्लेख गरिएका छन् । राजधानी क्षेत्रको गुरूयोजना कार्यान्वयन तथा सरकारी भवन निर्माणमा स्वदेशी काठको अनिवार्य प्रयोग गरिने उल्लेख छ ।

वन्यजन्तु पीडितलाई घरमै राहत, सडकसँगै हरियाली र फलफूलका विरुवा रोप्ने अभियान सञ्चालन, शिक्षासँगै सीप, राप्ती प्रादेशिक अस्पतालको स्तरोन्नति गरी २०० शैयामा विस्तार, विपद् व्यवस्थापनको पूर्वतयारी तथा देउखुरीमा जलवायु केन्द्र स्थापना जस्ता कार्यक्रम नीति तथा कार्यक्रममा समावेश छन् । प्रदेश गौरवका आयोजनाहरूलाई सम्पन्न गर्ने, विपन्न नागरिकका लागि मेडिकल कलेज तथा अस्पतालमा निःशुल्क सेवा उपलब्ध गराउने, सर्पदंश उपचार विस्तार तथा विद्यालय-समुदायमा स्वास्थ्य कार्यक्रम विस्तार गर्ने योजना समेत नीति तथा कार्यक्रममा उल्लेख छन् ।

### काठ/ दाउरा लिलाम बिक्री वितरण २१ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/२/६ गते**

जिल्ला कैलाली मोहन्याल २ मा रहेको यस सा.व.उ.स.को वन क्षेत्रबाट संकलन भएर उत्पादन भई सामुदायिक वन उपभोक्ता समूहको कम्पाउण्डमा घाटगद्दी गरी राखिएको सल्लो थान ३२१ को ४११७.४५ क्युफिट काठ जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना पहिलोपटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री कालिका सामुदायिक वन उपभोक्ता समूह**
**वडा २ चिरेकट्टे**

### कम्पनीको नाम परिवर्तन भएको सूचना

**(तेस्रो पटक प्रकाशित मितिः २०८२/०२/६ गते)**

साविक मनाङ् एयर प्रा. लि. (प्रा. लि. नं. १०४०५२) को मिति २०८१/०९/२८ गते सम्पन्न बार्षिक साधारण सभाको विशेष प्रस्तावमा भएको निर्णयले कम्पनीको नाम परिवर्तन गरी अभिलेख/स्वीकृतिको लागि पठाएकोमा कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०८२/०१/११ गतेको निर्णय अनुसार स्वीकृती प्राप्त भई वेसक्याम्प हेलिकप्टर प्रा. लि. कायम गरीएको छ । साविकको कम्पनीको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने सम्पूर्ण कर दायित्व आदि सवै परिवर्तित वेसक्याम्प हेलिकप्टर प्रा. लि. ले सकार्ने व्यहोर्ने भएकाले सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वेसक्याम्प हेलिकप्टर प्रा. लि.**
का. म. पा.-३१, काठमाडौं
प्रा. लि. नं. १०४०५२

### लक्ष्मी दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड, नयाँ बानेश्वर-१०, काठमाण्डौको कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको १५ दिने सूचना

**प्रकाशित मितिः२०८२/०२/०६**

यस सहकारीबाट ऋणकर्जा लिएका तपशिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिँदा सहकारीलाई गरिदिएका कर्जा लिखतहरु तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, व्याज लगायत सहकारीको लेना रकम नबुझाई ऋणकर्जा लिँदा गरेको शर्त कबुलियतको उल्लंघन गरेको र सहकारीबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत र **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गरेकोमा सो म्यादमा समेत उपस्थित नभई सो सूचनाको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुबिधा फिर्ता गर्न **१५ दिने सार्वजनिक सूचना** प्रकाशित गरिएको छ । अतः यस सहकारीमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र सहकारीलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी सहकारीको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवम् सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्यादभित्र बक्यौता रहेको रकम चुक्ता भुक्तान नगरेमा तपशिल बमोजिमको धितो सुरक्षण लिलाम बिक्री गर्ने र सो धितो बाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा सहकारी सम्बन्धी प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी तपाईं तथा जमानीको अन्य जायजेथाबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं । साथै, उल्लिखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत थागत जमानत दिनु हुने पक्षहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादभित्र सहकारीको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरिन्छ ।

**तपशिलः**

**ऋणीहरुको नाम, थर र ठेगानाः**
बिन्दनाथ झाको नाति, शम्भुनाथ झाको छोरा, महोत्तरी जिल्ला, सांढा गा.वि.स., वडा नं.४ बस्ने धिरेन्द्र कुमार झा

**जमानीकर्ताको विवरणः**
१. कुशेश्वर झाको नातिनी, सन्तोष कुमार झाको छोरी, महोत्तरी जिल्ला, सांढा गा.वि.स.,वडा नं.४ बस्ने मिनु कुमारी
२. लक्ष्मण तिमल्सीनाको नातिनी, भिम प्रसाद तिमल्सीनाकी छोरी, काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.वि.स., वडा नं.३ बस्ने बिना कुमारी तिमल्सीना

**धितो सुरक्षणको विवरण :**
धिरेन्द्र कुमार झाको नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता श्रेस्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला ढुंखर्कगाविस/न.पा. वडा नं. १. स्थित कित्ता नं.११४२ को १-११-०-० (रोपनी) र कित्ता नं.५६६ को २-८-३-० (रोपनी) तथा वडा नं.२. स्थित कित्ता नं.७२९ को १-१४-१-० (रोपनी) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको लिग लगापात समेत ।

### अधिकतम खुद्रा मूल्य प्रकाशन सूचना

योगेश्वोर कन्सट्रक्सन प्रा ली ले चाइनाबाट पैठारी गरेको बस्तुहरुको अधिकतम खुद्रा मूल्य निम्न बमोजिम भएको व्यहोरा जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सी. न. | मालबस्तु | आकार /प्रकार | ब्राण्ड | मोडेल | क्षमता | इकाई | अधिकतम खुद्रा बिक्रि मूल्य |
|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioner | Commercial | Hitachi | RAS-16HNBCMQ | 12.8 Ton | Nos | 854,300.00 |
| 2 | Air Conditioner | Commercial | Hitachi | RAS-24HNBCMQ | 19.3 Ton | Nos | 1,262,600.00 |

योगेश्वोर कन्सट्रक्सन प्रा ली, ठेगाना: महाराजगंज काठमाडौँ , फोन नम्वर ०१-४७२०२७३ एक्जीम कोड नं ६०६८९०५५७०१०८NP

### दुप्चेश्वर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**समुन्द्रटार, नुवाकोट**

**दुप्चेश्वर गाउँपालिका भएर बग्ने ठाडो खोला, इन्द्रमती खोला, चन्द्रमती (चाके) खोला, रम्बु खोला, पांगर खोला, सूर्यमती (तादी) खोला, डुँडे खोला, ढाँडे खोला, सिंकि खोला, बन्छार खोला, साँधि खोला, खोरेङ्ग खोला, कान्छीमति खोला, सिंगारे खोला, याचे खोला, वैसाङ्ग खोला, पुलगु खोला, हाँडि खोला तथा अन्य खोला बगर क्षेत्रबाट दीगो रुपमा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा वालुवा) को संकलन/उत्खनन् कार्यको निम्ति प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशित मितिः २०८२/०२/०६**

बागमती प्रदेश, नुवाकोट जिल्ला, दुप्चेश्वर गाउँपालिका भएर बग्ने ठाडो खोला, इन्द्रमती खोला, चन्द्रमती (चाके) खोला, रम्बु खोला, पांगर खोला, सूर्यमती (तादी) खोला, डुंडे खोला, ढाँडे खोला, सिंकि खोला, बन्छार खोला, साँधि खोला, खोरेङ्ग खोला, कान्छीमति खोला, सिंगारे खोला, याचे खोला, बैसाङ्ग खोला, पुलगु खोला, हाँडि खोला तथा अन्य खोलाहरूको बगर क्षेत्रबाट दिगो रुपमा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) को संकलन/उत्खनन् कार्यको लागि निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | दुप्चेश्वर गाउँ कार्यपालिकाको कार्यलय<br>समुन्द्रटार, नुवाकोट, बाग्मती प्रदेश<br>फोन नं: ९८५११२६८८९,९८६९०८५३१८<br>ईमेलः dupcherumun2017@gmail.com |
| **प्रस्तावको व्यहोरा** | दुप्चेश्वर गाउँपालिका भएर बग्ने खोलाहरुको बगरबाट दिगो रुपमा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा वालुवा)को संकलन/उत्खनन् कार्य |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा** | नुवाकोट जिल्ला दुप्चेश्वर गाउँपालिकाको सम्पूर्ण वडाहरु |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनि एकिन गर्न सो स्थानको गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | दुप्चेश्वर गाउँपालिकाको कार्यलय<br>समुन्द्रटार, नुवाकोट, बाग्मती प्रदेश<br>९८५११२६८८९<br>dupcherumun2017@gmail.com |
| **परामर्शदाताको नाम र ठेगाना** | इकोवर्ल्ड डेभलोपमेन्ट प्रा.लि. टोखा-०८, काठमाण्डौं<br>९८५११४८२०० |

**महेशकुमार मिश्र**
**प्रमुख प्रशासकीय अधिकृत**

## Ramdhuni Municipality
## Office of Municipal Executive
**Jhumka, Sunsari**
**Koshi Province, Nepal**

### Invitation for Sealed Quotation

**Date of first publication: 2082/02/06**

1. The Ramdhuni Municipality, Office of the Municipal Executive invites sealed quotations from Nepalese Eligible Bidders for the construction of works mentioned below.

| S.N. | Contract Identification No. | Description of Work | Estimated Amount (Without VAT ) | Bid Security Amount NRs | Cost of Bid Document NRS |
|---|---|---|---|---|---|
| 1. | RMY/ SQ/11/081/082 | Bhadgaun sinwari bahaumukhi campus ko compound wall tatha ground nirman | NRs.12,91,627.90 | 36,500/- | 1000.00 |
| 2. | RMY/ SQ/12/081/082 | Ramdhuni na. pa. adharbhut swasthya chauki marmat tatha gherabera | NRs.12,98,345.25 | 37,500/- | 1000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from *PPMO website* *www.bolpatra.gov.np*.
3. Bids must be submitted electronically before 11:00 on 2082/02/21 only through e-GP system i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account.
**Name of the Bank:** NIC Asia Bank, Jhumka **Name of Office:** Ramdhuni Municipality
**Office Code no:** 801011406 **Office Account no:** 0892050027908002
**Account Name:** GA-1.1 AANTARIK RAJASWA KHATA-RAMDHUNI NAGARPALIKA
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on 2082/02/21 at 13:00 at the office of Ramdhuni Municipality, Jhumka, Sunsari. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amount as specified above, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 75 days).
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**


**कतारमा रोजगार** कम्पनी : **ENERGYPLUS TECHNICAL SERVICES** शहरः **DOHA**
पूर्व स्वीकृत मितिः २०८१/०९/२८ चलानी नं.: ६०२३८०५० L.T. No.: 315636

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mechanic. | 15 | 0 | स. काममा दक्ष | 1400 | ५२,४३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ १३ गते (27 May 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**STARIS HR SERVICES PVT. LTD.** श्रम इजाजत नं. १३२४/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762 , CONTACT NO.: 9851336470 | 9802320574 | 9802320575

**कुवेतमा रोजगार** कम्पनीः **VIA COMPANY FOR CLOTHES AND LUXURIES** शहरः **KUWAIT**
पूर्व स्वीकृत मितिः २०८२/०२/०५ चलानी नं.: ६०२३८०६५ L.T. No.:324108

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Indoor) | 2 | 2 | सम्बन्धित काममा दक्ष | 95 | ४२,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | SALES GIRL (FEMALE) | 0 | 6 | | 140 | ६२,२४२ | | | | | | | |
| 3. | TAILOR (SKILLED) | 4 | 2 | | 150 | ६६,६८८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ १३ गते (27 May 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SHARON MANPOWER SERVICES PVT.LTD.**
Govt Lic. No.: 647/063/064
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457, URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Mobile: 9851038901, 9803126395, 9851350582, 9801026390, 9746491713, 9851364461


## Shailung Rural Municipality
## Office of the Rural Municipal Executive
**Katakuti, Dolakha**
**Bagamati Province, Nepal**

### Invitation for Sealed Quotation

**Date of Publication: 2082/02/06 (20th May 2025)**

Shailung Rural Municipality ,Katakuti,Dolakha office invites only electronic Quotation from all eligible bidders and suppliers for the different work and supply of goods mention in the table below on or before 2082/02/22 (5th June 2025) 12:00 hours. Eligible bidders may obtain further information at Shailung Rural Municipality,Katakuti, Dolakha or may visit PPMO website: www.bolpatra.gov.np/egp.

| S. N. | Name of Project | Contract ID | Estimated Amount (with VAT) | Bid Security (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | Procurement and Supply of Mini Tiller, Multi Crop Thresher and Electric Combine Mill | SRM/SQ/GOODS/05-2081/082 | 15,37,650.00 | 45,000.00 | 1,000.00 |

**Chief Administrative Officer**

## आइरेनाका महानिर्देशक क्यामेरा र ऊर्जामन्त्रीबीच भेट

# स्वच्छ ऊर्जा साझेदारी विस्तारमा जोड



**काठमाडौं / मस–** अन्तर्राष्ट्रिय नवीकरणीय ऊर्जा एजेन्सी (आइरेना)का महानिर्देशक फान्सेस्को ला क्यामेरा र ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री दीपक खड्काबीच शिष्टाचार भेटवार्ता भएको छ ।सगरमाथा संवादमा सहभागिताका लागि औपचारिक भ्रमणमा नेपाल आएका महासचिव ला क्यामेरालाई ऊर्जा मन्त्रालयमा स्वागतसहित धन्यवाद दिँदै मन्त्री खड्काले स्वच्छ ऊर्जा प्रवर्धनमा आइरेनाको विश्वव्यापी नेतृत्वको उच्च प्रशंसा गरे। मन्त्री खड्काले आइरेनाको भूमिकाले विश्वव्यापी ऊर्जा रूपान्तरणलाई नयाँ दिशा दिएको उल्लेख गर्दै नेपाल स्वच्छ, समावेशी र जलवायु-अनुकूल ऊर्जा प्रणालीको निर्माणप्रति दृढ प्रतिबद्ध रहेको स्पष्ट पारे ।

शिष्टाचार भेटका क्रममा मन्त्री खड्काले नेपालको ऊर्जा नीति पेरिस सम्झौता, दिगो विकास लक्ष्य ७ (सस्तो र स्वच्छ ऊर्जा) र लक्ष्य १३ (जलवायु कार्य) सँग सुसंगत रहेको जानकारी गराए । साथै, निजी क्षेत्रको लगानी प्रोत्साहन, ऊर्जा स्रोतको विविधीकरण र राष्ट्रिय ग्रिडको आधुनिकीकरणका लागि नेपाल सरकारले नीतिगत तथा संस्थागत सुधारको दिशामा अघि बढाइरहेको उल्लेख गरे ।

उनले जलविद्युत् नेपालको ऊर्जा क्षेत्रको मेरुदण्ड भएको बताउँदै करिब ६२ गिगावाट क्षमताको जलविद्युत् सम्भावना रहेको तर सो मध्ये ठूलो हिस्सा अझै उपयोग हुन बाँकी रहेकाले आइरेनासँगको सहकार्यद्वारा जलविद्युत्को दिगो विकाससँगै सौर्य, वायु, हरित हाइड्रोजनजस्ता नवीकरणीय ऊर्जा स्रोतहरूको प्रवर्धनमा सहकार्य विस्तार गर्न नेपाल इच्छुक रहेको धारणा व्यक्त गरे। साथै नेपाल सरकारले हालै स्वीकृत गरेको 'ऊर्जा विकास मार्गचित्र'ले सन् २०३५ सम्म २८५०० मेगावाट विद्युत उत्पादन क्षमता पुर्‍याउनुका साथै प्रसारण तथा वितरण प्रणालीमा विद्युत व्यापार विस्तार गर्ने एवं नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताका विविध पक्षहरुको समग्र विकास गर्ने लक्ष्य लिएको चर्चा गरे । भारत र बंगलादेशसँगको अन्तरदेशीय विद्युत् व्यापारबाट क्षेत्रीयस्तरमा स्वच्छ ऊर्जाको उपयोग विस्तारमा नेपालले अग्रणी भूमिका खेल्न सक्ने औंल्याउँदै मन्त्री खड्काले यसले नेपालको ऊर्जा क्षेत्रमा अन्तर र्राष्ट्रिय विश्वास अभिवृद्धि भएको र क्षेत्रीय ऊर्जा एकीकरणको सम्भावना अझ सुदृढ भएको धारणा व्यक्त गरे । नेपालले आइरेनासँग जलविद्युत्, सौर्य, वायु, ग्रिड एकीकरण, अफ-ग्रिड ऊर्जा पहुँच तथा हरित हाइड्रोजन प्रविधिमा दीर्घकालीन सहकार्य विस्तार गर्ने प्रस्ताव अघि सारेको जानकारी पनि सो अवसरमा गराए । मन्त्री खड्काले उचाइमा बसोबास गर्ने तथा जलवायु-संवेदनशील क्षेत्रका समुदायहरूलाई समेटेर न्यायसंगत ऊर्जा रूपान्तरणको दिशामा नेपाल सरकार प्रतिबद्ध रहेको उल्लेख गरे । साथै, यस यात्रामा आइरेनाको प्राविधिक सहयोग, ज्ञान आदानप्रदान तथा क्षमता अभिवृद्धिमा सहकार्य अत्यन्तै महत्वपूर्ण रहने उनले विश्वास व्यक्त गरे ।

भेटका क्रममा आइरेनाका महानिर्देशक फ्रान्चेस्को ला क्यामेराले नेपालसँग दीर्घकालीन ऊर्जा साझेदारी गर्न संस्था इच्छुक रहेको बताए । उनले नेपाल जस्तो जलविद्युत् र स्वच्छ ऊर्जामा सम्भावनायुक्त मुलुकसँग सहकार्य गर्नु आइरेनाको प्राथमिकतामा पर्ने उल्लेख गर्दै भने, 'नेपालको अग्रसरताले नवीकरणीय ऊर्जा प्रवर्द्धनमा दक्षिण एशियाली क्षेत्रलाई प्रेरणा दिनेछ । हामी जलविद्युत्, सौर्य, वायू र हरित हाइड्रोजन प्रविधिमा आवश्यक प्राविधिक सहयोग, ज्ञान साझेदारी र क्षमता अभिवृद्धिको लागि प्रतिबद्ध छौं ।'

साथै उनले इनर्जी ट्रान्जिसन एक्सिलरेटर फ्रेमवर्क, अबुधावी फण्ड फर डेभलपमेन्ट मास्डार फण्ड लगायतसँगको सहकार्यमा नेपालको नवीकरणीय ऊर्जा क्षेत्रको विकासमा लगानी वृद्धि गर्न सकिने सम्भावना समेत औंल्याए। उनले नेपालको ऊर्जा रणनीति जलवायुअनुकूल र समावेशी भएको मूल्यांकन गर्दै, आइरेनासँगको सहकार्यले नेपाललाई स्वच्छ ऊर्जा रूपान्तरणको मार्गमा थप मजबुत बनाउने विश्वास व्यक्त गरे। साथै उनले आइरेना र वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रबीचको सहकार्यमा केही कार्यक्रमहरु समेत अघि बढिरहेको जानकारी गराए ।

आइरेना प्रमुखको यो भ्रमण नेपालको नवीकरणीय ऊर्जा क्षेत्रमा अन्तर्राष्ट्रिय सहकार्य विस्तार, नवप्रवर्तन प्रविधिको हस्तान्तरण तथा जलवायु-अनुकूल दिगो विकासलाई सघाउन महत्वपूर्ण अवसरको रूपमा हेरिएको छ । नेपाल सन् २०१७ मा आइरेनाको सदस्य बनेको हो भने हाल यस अन्तरसरकारी संस्थामा १६९ देश र युरोपियन युनियन आवद्ध रहेका छन् ।

**कतारमा रोजगार** कम्पनी : QATAR ENGINEERING & CONSTRUCTION COMPANY WLL शहर : Doha
पूर्व स्वीकृत मिति: २०८२/०२/०४ चलानी नं.: ६०२३८०१७ LT. No.: 324044

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver Light Vehicale | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५२४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Vehicle Driver | 13 | 0 | | 1900 | ७११५५ | | | | | | | |
| 3. | Site Supervisors | 13 | 0 | | 3000 | ११२३५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ १३ गते (27 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Seagull International Global H.R. Consultants Pvt. Ltd.** इजाजत नं.: ४०७/०६०/०६१
Sukedhara-4, Kathmandu, Nepal | Tel : 014375822, 014375824, 9808818851, 9816060051.
9841781155, 9851015421, 9808818851, 9816060051 E-mail: cm.seagull55@gmail.com

**युएईमा रोजगार** कम्पनी: EJADAH ASSET MANAGEMENT GROUP LLC शहर: UAE,DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०२/०५ चलानी नं.: ६०२३८०४६ LT. No.:324041

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 100 | 100 | स. काममा दक्ष | 1000 | ३७,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: EJADAH ASSET MANAGEMENT GROUP LLC शहर: UAE,DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०२/०५ चलानी नं.: ६०२३८०४५ LT. No.:324040

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office Assistant/Office Boy | 100 | 100 | स. काममा दक्ष | 1000 | ३७,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ १३ गते (27 May 2025) मा हुनेछ ।

कम्पनी: PRESTIGE VALET PARKING- SOLE PROPRIETORSHIP L.L.C. शहर: ABU DHABI
पूर्व स्वीकृत मिति: २०८२/०१/२४ चलानी नं.: ६०२३७२९६ LT. No.:322758

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 64 | 30 | सम्बन्धित काममा दक्ष | 1050 | ३९,०२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver (Light/Heavy) | 70 | 0 | | 1500 | ५५,७५५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ १३ र १५ गते (27 & 29 May 2025) मा हुनेछ ।
अन्तर्वार्ता होटल रेड कार्पेट भरतपुर, चितवनमा २०८२ जेठ १३ गते (27 May 2025) मा हुनेछ ।
अन्तर्वार्ता होटल दिव्यश्री पोखरा, कास्कीमा २०८२ जेठ १४ गते (28 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SKILLS GROUP H.R. RECRUITMENT PVT.LTD**
Govt Lic.No. 1686/080/081
P.O. Box: 8233, Basundhara-03, Kathmandu, Nepal
Tel: 01-5920160 | Email: info@skillgrouphr.com.np

**युएईमा रोजगार** कम्पनी : STAR SERVICES LLC शहर : Dubai
पूर्व स्वीकृत मिति: २०८१/०८/०९ चलानी नं.: ६०२२८५३३ LT. No.: 314155 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helpers | 200 | 0 | स. काममा दक्ष | 1200 | ४४,६०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SOLV FACILITIES MANAGEMENT LLC शहर : Abu Dhabi
पूर्व स्वीकृत मिति: २०८१/०८/२४ चलानी नं.: ६०२२९४७७ LT. No.: 315184 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Out Door) | 74 | 0 | स. काममा दक्ष | 800 | २९,७३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ १३ गते (27 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SGMC SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.** Gov. Lic No. 1219/074/075
Sinamangal-9, Kathmandu | Tel: 4573705 | 4594457, Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com
Contact No: 9851235143, 9841468330, 9823045797, 9803636760, 9825468674, 9841136727,

**साइप्रसमा रोजगार** कम्पनी: CONSTANTINA ELENA PIRILLOU PRIVATE EMPLOYMENT AGENCY शहर: NICOSIA
पूर्व स्वीकृत मिति:२०८१/१२/१९ चलानी नं.: ६०२३५५३३ LT. No.: 321434 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 7 | 2 | सम्बन्धित काममा दक्ष | 900 | १३७१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waiter/Waitress | 3 | 2 | | 900 | १३७१६० | | | | | | | |
| 3. | Housekeeper | 3 | 3 | | 900 | १३७१६० | | | | | | | |
| 4. | Bartender | 3 | 2 | | 900 | १३७१६० | | | | | | | |

कम्पनी: CONSTANTINA ELENA PIRILLOU PRIVATE EMPLOYMENT AGENCY शहर: NICOSIA
पूर्व स्वीकृत मिति: २०८१/१२/१९ चलानी नं.:६०२३५५३४ LT. No.: 321435 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 7 | 1 | सम्बन्धित काममा दक्ष | 900 | १३७१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waiter/Waitress | 3 | 2 | | 900 | १३७१६० | | | | | | | |
| 3. | Housekeeper | 3 | 3 | | 900 | १३७१६० | | | | | | | |
| 4. | Bartender | 3 | 2 | | 900 | १३७१६० | | | | | | | |

अन्तर्वार्ता होटल आनन्द पशुपति काठमाडौंमा २०८२ जेठ १५ गते (29 May 2025) मा हुनेछ ।
अन्तर्वार्ता हिल्टन एकडेमी अफ होटेल म्यानेजमेन्ट एण्ड कुलिनरी आर्टस काठमाडौंमा २०८२ जेठ १६ गते (30 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Sundar Nepal Overseas Pvt. Ltd.** Gov. Lic No. 1484/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel. 01- 4578460.
Mo.: 9860480301, 9851170602, 9841566228, Email: Sundarnpo@gmail.com

**Saudi मा रोजगार** Al-Rawaq Al-Abyad Contracting Establishment.
पूर्व स्वीकृती मिति: २०८२/२/५ चलानी नं. ६०२३८०५६ LT No.: 324075

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Office Cleaning Labour | 1 | साधारण | 1000 | ३६,३००/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ जेष्ठ १३ गते (27 May, 2025) यस प्रा. लि. को कार्यालय गौशाला काठमाडौंमा हुनेछ ।

**POWER EMPLOYMENT PVT. LTD.** Lic. No.: 1194/073/074
Gaushala-9, Kathmandu, GPO Box : 43435, Tel. : 01-4583830, 4588308
Email : poweremployment.np@gmail.com

**यूएईमा रोजगार** कम्पनी : V K N GENERAL SECURITY GUARD SERVICES शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०१/२५ चलानी नं.: ६०२३७४०७ LT. No.: 323460 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४०,८८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electrician Labor | 5 | 0 | | 1500 | ५५,७५५ | | | | | | | |
| 3. | Helper | 5 | 0 | | 1100 | ४०,८८७ | | | | | | | |
| 4. | Male Security Guards | 20 | 5 | | 1200 | ४४,६०४ | | | | | | | |

अन्तर्वार्ता लन्डन होटल सुनसरीमा २०८२ जेठ ६, ७ र ८ गते (20, 21 & 22 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LEADING AIM INTERNATIONAL PVT. LTD** Govt. Lic. No.: 1170/073/074
Basundhara-3, Kathmandu, Tel: 01-5904026, 9818982798, 9813993444, 9808107471, 9808210594, 9851279803, 9808897905.
Email: leadingaim04@gmail.com, Web.: www.leadingaim.com.np

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना ६ गते मंगलबार)

